# गजुरी बुलेटिन

(२०८०/०८१)

वर्ष -२ अंक -२ 		दोस्रो वार्षिक बुलेटिन (२०८० जेठ देखि २०८१ बैशाख सम्म)




## गजुरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

बागमती प्रदेश, नेपाल

# गजुरी बुलेटिन

**पुस्तकः**

गजुरी बुलेटिन अंक-२, वार्षिक प्रगति प्रतिवेदन (आ.व.२०८०/०८१)

**संरक्षकः**

श्री गणेशलाल श्रेष्ठ (गा.पा. अध्यक्ष)

श्री शर्मिला बिसुराल (गा.पा. उपाध्यक्ष)

**प्रधान सम्पादकः**

श्री राजु अधिकारी (प्रमुख प्रशासकीय अधिकृत)

**सम्पादक मण्डलः**

श्री पुजन प्रसाद अधिकारी (शाखा अधिकृत, सातौं)

श्री सन्तोष पौडेल (शिक्षा अधिकृत, सातौं)

श्री सुबास घिमिरे (सूचना प्रविधि अधिकृत, छैठौं)

श्री प्रेमलाल भुसाल (आन्तरिक लेखा परीक्षक, सहायक पाँचौं)

श्री अशोक श्रेष्ठ (कृषि प्राविधिक, सहायक पाँचौं)

**प्रकाशन मिति** :२०८१/०२/०७

**प्रकाशन प्रतिः** ३०० प्रति

**प्रकाशकः**

गजुरी गाउँपालिका

गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल

फोनः ०१०-४०२०६३

इमेलः info@gajurimun.gov.np

वेबसाईटः https://gajurimun.gov.np

**मुद्रणः** Royal Prints, Geetanjali Chowk, Nayabazar-16, Kathmandu

**फोन नं.**: ०१-४९८१२२१, **ईमेलः** royalprinters86@gmail.com

# शुभ-कामना



आदरणीय गजुरी गाउँपालिकावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनी यहाँहरु सम्पूर्णमा हृदयदेखि नै हार्दिक नमस्कार व्यक्त गर्दछु । यस दुई वर्षको समय अवधि भित्र सम्पादित प्रमुख कार्यहरुलाई संग्रहित गरी यो वार्षिक गजुरी बुलेटिन अंक-२ यहाँहरु माझ सार्वजनिक गर्न पाउँदा हर्षित महसुस गरेको छु । हामीले निर्वाचनको समयमा तपाईहरु समक्ष घोषणापत्रमा गरेका विविध प्रतिवद्धता र वाचाहरुलाई स्मरण गर्दै जनआकाङ्क्षा, जनअपेक्षा तथा स्थानीय संभावना र आवश्यकतालाई सघन रुपमा आत्मसात गर्दै हामीले दोस्रो वर्ष पूरा गरेका छौं । यस समय सिमा भित्र आम जनसमुदायको चासो, राजनीतिक दल, बुद्धिजीवीहरु, विभिन्न संघ-संस्थाहरुले दिएको सुझाव तथा सल्लाहहरुलाई हृदयदेखि नै मनन गर्दै पालिकाको दिगो विकास र समृद्धिका लागि लक्ष्य अनुरुप हामीले केही नयाँ कामहरु गर्दै दुई वर्ष पार गरिसकेका छौं ।

आ.व. २०८०/०८१ मा हामीले तयार पारेका नीति कार्यक्रम तथा बजेटलाई सहि सदुपयोग गरि समयमा नै सम्पन्न गर्ने प्रतिवद्धता गरेका छौं । विकास निर्माणका कार्यहरुबाट समग्र जनअपेक्षालाई महसुस हुने गरि काम गर्दै आइरहेका पनि छौं । समग्र विकास बजेटलाई मध्येनजर गरी हामीले साना ठुला विकास निर्माणका कार्यहरु सम्पन्न गरेका छौं । मुख्यत स्वास्थ्य र शैक्षिक क्षेत्रमा रहेका अनेकौ समस्याहरुको सामना गर्दै समाधान गरी स्वास्थ्य र शिक्षा क्षेत्रमा अझै धेरै सुधार गर्ने तर्फ दृढसङ्कल्पित छौं । यस गाउँपालिकाको भौगोलिक विकटता र भौगोलिक अवस्था प्रति मध्येनजर गर्दै गजुरी गाउँपालिका वासीहरुको अपेक्षा र चाहना अनुरुप सबै क्षेत्रको न्यायोचित सम्बोधन हुने गरी नीति तथा कार्यक्रमहरु तय तथा कार्यान्वयन गर्न हामी सदैव प्रतिवद्ध रहेको समेत व्यक्त गर्दछौं ।

गत दुई वर्षको अनुभवले आगामी दिनमा यिनै सिकाइहरुलाई समृद्ध गजुरी निर्माणमा आधारको रुपमा उपयोग गर्नेछौं भन्ने प्रतिवद्धता यहाँहरु समक्ष व्यक्त गर्दै यस समृद्धिको अभियानमा रचनात्मक र सकारात्मक भूमिका निर्वाह गर्न साथ दिई सहयोग र सहकार्य गर्नुहुने संघ तथा बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति धादिङ, गजुरी गाउँपालिका स्थित सम्पूर्ण राजनीतिक दल सम्वद्ध महानुभावहरु, समस्त जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु सबैप्रति हार्दिक आभार सहित कृतज्ञता ज्ञापन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

स-धन्यवाद !

गणेशलाल श्रेष्ठ
अध्यक्ष
गजुरी गाउँपालिका

# शुभ-कामना




सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ द्वारा प्रद्धत्त अधिकार बमोजिम जनताको नजिकको सरकारका रुपमा स्थानीय तहमा महिला नेतृत्वको रुपमा स्थापित भई जिम्मेवारी सम्हालेको दुई बर्ष पुरा भएको छ। मिति २०७९ वैसाख ३० मा दोस्रो चरणको स्थानीय निर्वाचनमा हामी निर्वाचित भएर आएपछि हरेक काममा सहयोग गर्नुहुने सम्पूर्ण गजुरीवासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक आभार प्रकट गर्दछु। साथै राष्ट्रका विभिन्न समयको राजनैतिक आन्दोलनमा शहादत प्राप्त गरेका ज्ञात अज्ञात सहिदहरुको स्मरण गर्दै उहाँहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

गजुरी गाउँपालिकाले सम्पन्न गरेका सम्पूर्ण गतिविधिहरुको संगालो गजुरी बुलेटिन वार्षिक रुपमा प्रकाशन गर्दै आईरहेको छ। यस पटक पनि आ.व. २०८०/०८१ मा सम्पन्न गतिविधि तथा कृयाकलापहरु समेटिएर गजुरी बुलेटिन दोस्रो अङ्क प्रकाशन गर्न लागिएको हो। आम गजुरीवासीको हित अनुकुल वर्षभरी भए गरेको गतिविधिहरुलाई यहाँहरु समक्ष सार्वजनिक गर्नु हाम्रो कर्तव्य हो। आशा छ यो बुलेटिन प्रकाशन पश्चात आम जनसमुदायबाट सकारात्मक राय, सल्लाह सुझाव प्राप्त हुनेछ र उक्त सुझाव आगामी कार्यक्रम तय गर्न मार्गनिर्देशनको रुपमा लिनेछु। साथै आगामी दिनमा पनि यहाँहरुबाट निरन्तर सहयोग रहने अपेक्षा राख्दछु। गजुरी गाउँपालिकाको सिमित स्रोत र साधनको बावजुत जनसमुदायको असीमित आवश्यकतालाई प्राथमिकीकरण गरी सम्बोधन गर्ने काम भएको छ। गत बर्षभन्दा यस वर्षको कार्यक्रमलाई लैङ्गिकमैत्री, सामाजिक समावेशीकरण र वातावरणमैत्री बनाउने प्रयास भएको छ। स्रोतको सदुपयोग गरी भएगरेका विकास निर्माणका पूँजीगत खर्चमा सुशासन कायम गर्न जोड दिएको र प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्ने प्रयास भएको छ।

अन्तमा यस वर्षको सम्पन्न गतिविधिहरुको संगालो गजुरी बुलेटिनका संरक्षक ज्यू, बुलेटिन प्रकाशनमा सम्पादन गर्नुहुने सम्पादक मण्डल तथा हरेक गतिविधिहरु सम्पन्न गर्न अहोरात्र खटिनुहुने गजुरी गाउँपालिका प्रशासन, शाखा प्रमुखहरु र संलग्न सबै कर्मचारीहरु, सबै वडाका वडाअध्यक्षज्यूहरु लगायत सम्पूर्ण कार्यपालिकाका सदस्यज्यूहरु, सबैलाई धन्यवाद दिन चाहन्छु।

शर्मिला बिसुराल
उपाध्यक्ष
गजुरी गाउँपालिका

# शुभ-कामना



गजुरी गाउँपालिकाले गत एक वर्षको कार्यसम्पादन उपलब्धि समावेश गरि गजुरी बुलेटिन अंक-२ प्रकाशन गरेकोमा यहाँहरू समक्ष खुशी व्यक्त गर्दछु । तीन तहको शासकीय ईकाइ र त्यसमध्ये जनताको निकटको सरकारको रूपमा रहेको स्थानीय सरकार प्रति जनताको विशेष आकाङ्क्षा र सामिप्यता रहन्छ । यिनै सिद्धान्तलाई आत्मसात गर्दै यस पालिकाले प्रस्तुत गरेको यो दस्तावेज उपलब्धिको सार्वजनिकीकरण त हुँदै हो, साथै भविष्यका लागि वर्तमानको दस्तावेजीकरण पनि हो ।

प्रस्तुत बुलेटिन प्रकाशनका लागि निर्देशन दिने गाउँकार्यपालिका, अध्यक्षज्यू तथा उपाध्यक्षज्यू, समस्त जनप्रतिनिधिज्यूहरू एवं सरोकारवाला निकायहरू प्रति आभार व्यक्त गर्दछु ।बुलेटिन प्रकाशनका लागि अहोरात्र खटिनुहुने कर्मचारी साथीहरू तथा रचनात्मक सुझाव तथा समन्वयका लागि अन्य सबै महानुभावहरू प्रति पनि कार्यालय प्रमुखको हैसियतले धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## गजुरी गाउँपालिकाको विगत र वर्तमान अवस्था तथा आगामी कार्यदिशा सम्बन्धी संक्षिप्त श्वेतपत्र:

आदरणीय गजुरीवासी दाजुभाई तथा दिदिबहिनीहरु,

मुलुकमा बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदिय शासन प्रणालीको स्थापना भएपश्चात स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बाट गजुरी गाउँपालिकाको स्थानीय सरकार संचालन गर्न हजुरहरुले जिम्मेवारी दिएपश्चात गजुरी गाउँपालिकाको समानुपातिक, समन्यायीक र समूचित विकास गर्न, सुशासन कायम गर्दै नागरिक मैत्री सेवा प्रवाहमा समर्पित हुँदै अगाडी बढेका छौ । हामी निर्वाचित भएको दोस्रो वर्ष सफलीभूत ढंगबाट पार गर्दै स्थानिय सरकार तेस्रो नीति कार्यक्रम तथा बजेट निर्माणको प्रक्रियामा रहेको छ । आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति कार्यक्रम तथा बजेट निर्माणको निम्ति यहाँहरुको साथ सहयोग, सल्लाह तथा सुझावको निरन्तर अपेक्षा गर्दछौं । गत आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटको समिक्षा तथा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम सँगै बजेट कार्यान्वयनको बारेमा जानकारी गराउनको लागि साथै आगामी कार्यदिशाको सम्बन्धमा जानकारी गराउन गजुरी गाउँपालिकाको तर्फबाट यहाँहरुको विचमा यो श्वेतपत्र जारी गरेका छौं ।

गत आर्थिक वर्ष २०७९।०८० मा हामीले **"दिगो विकास र आर्थिक समृद्धि"** भन्ने मूल नारालाई साकार पार्न खानेपानी, सडक, सिँचाई, कृषि, व्यवसाय प्रवर्द्धन, रोजगारीको सृजना गर्ने र पर्यटन प्रवर्द्धन कार्यलाई महत्त्वका साथ अघि बढाउँदै कार्य गरेका थियौ यद्यपी संघ तथा प्रदेशबाट समयमा नै अनुदान रकम प्राप्त हुन नसकेका विगतका योजनाहरुको दायित्वको आर्थिक भार, कृषि उत्पादनको ढुवानी तथा बजार व्यस्थापनको समस्या, व्यापार व्यवसाय तथा उत्पादनशील आर्थिक गतिविधिहरुमा आएको संकुचन, विभिन्न विपदजन्य परिस्थितिको कारण अपेक्षित नतिजा हासिल गर्न चुनौती खेपेको यथार्थ विदितै छ। यद्यपी उक्त चुनौतीलाई चिर्दै अगाडी बढेको कुरा राख्न चाहन्छौ ।

ढुंगा, गिट्टी, बालुवा र नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करमा आधारित आन्तरिक आय बन्दोबस्तीको ठेक्का चौथो पटक सूचना प्रकाशन गर्दा सम्म पनि नलागेको र विगतमा लागेका ठेक्काका ठेकेदार कम्पनीहरूबाट विभिन्न बहानामा राजश्व दाखिला नगरी विभिन्न अदालतहरूमा दायर गरिएका विचाराधीन मुद्दाहरू गाउँपालिकाले खेपिरहेको यथार्थ जानकारी गराउन चाहन्छौ ।

स्थायी प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको अभाव र विद्यमान कर्मचारी व्यवस्थापनका कठिनाई सँगै पूँजिगत खर्चको मात्रामा गरिनुपर्ने बढोत्तरी तथा गुणस्तर नियन्त्रणमा परेको प्रभाव, सिमित श्रोत तथा संकुचित कर राजश्व, नदीजन्य पदार्थको ठेक्का नलाग्नु, संघीय सरकारबाट समानीकरण लगायतका अनुदानमा भएका कटौती आदिले गजुरी गाउँपालिकाको आर्थिक अवस्थामा जटिलता थपिएको छ ।

यस आ.व. २०८०।०८१ मा गजुरी गाउँपालिका रु. ६४,५८,५८,०००/- (अक्षरेपी चौसठ्ठी करोड अन्ठाउन्न लाख अन्ठाउन्न हजार मात्र) को योजना तथा कार्यक्रमहरु सञ्चालन भएकोमा यो श्वेतपत्र जारी गर्दाको अवस्था सम्म रु. ३८ करोड १६ लाख १८ हजार ५ सय ३७ (५८.९४%) खर्च भएको छ । जसमा पूँजिगत तर्फ रु. ८ करोड ३९ लाख ७० हजार ९ सय २२ (४३.६२%) खर्च भई र चालु तर्फ रु. २९ करोड ७६ लाख ४७ हजार ६ सय १५ (६५.४४%) खर्च भएको छ । जसमा पूँजीगत खर्च अपेक्षाकृत न्यून रहेको छ ।

सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक आदि पूर्वाधार विकास तथा विस्तारसँगै समग्र सार्वजनिक सेवा प्रवाहलाई जनअपेक्षा अनुरूप विकसित गर्नुपर्ने वर्तमान सरकारको सोच तथा हालको समग्र गजुरी गाउँपालिकाको वस्तुगत र धरातलीय यथार्थ बिच तादात्म्यता कायम गर्ने गरी कार्यसम्पादन गर्न यो श्वेतपत्र जारी गर्दै गजुरी गाउँपालिकाले निम्नानुसार कार्यदिशा तय गरेको छ ।

१. चालु आ.व.को बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा परिवर्तित सन्दर्भअनुसार योजना तथा कार्यक्रमहरूको पुनःप्राथमिकीकरण गर्दै उपलब्ध स्रोतको उच्चतम परिचालन गरिनेछ।

२. शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासको गतिलाई तीव्र पार्न प्राथमिकता निर्धारण सहित प्रादेशिक तथा संघीय मन्त्रालयहरूसँग महत्तम समन्वय गरी विभिन्न क्षेत्रमा बजेट विनियोजन गर्न गराउन पहल गरिनेछ। साथै शिक्षाको गुणस्तरमा जोड दिइनेछ ।

३. पूर्वाधार विकास अन्तर्गत सडक मर्मत तथा स्तरोन्नती गरि नागरिकलाई दैनिक जीवनयापनमा सहजता, पर्यटकीय क्षेत्रको पहिचान र विस्तार गरि पर्यटन विकास तथा प्रवर्द्धन, जनसुरक्षाको लागि विपद् जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनको लागि विशेष जोडका साथै विकास र सेवा प्रवाहमा विज्ञान तथा सूचना प्रविधिको भरपुर उपयोग गर्ने वातावरण निर्माण गरिनेछ ।

४. संकुचित भएको व्यवसाय कर राजश्वलाई व्यापक अनुगमन, नियमन मार्फत बढाइने तथा वैज्ञानिक, व्यवहारिक र वस्तुगत ढंगबाट नदीजन्य पदार्थ उत्खनन कर र बिक्री शुल्क दुवै लगाउने गरी समयमानै आन्तरिक आय बन्दोबस्ती गरिने तथा सम्भावित अन्य स्रोतहरुको पहिचान तथा परिचालन गरिनेछ।

५. O & M Survey मार्फत् कर्मचारीहरूको व्यवस्थापन गरिने छ तथा कार्यसम्पादन संझौता गरिने एवं आन्तरिक नियन्त्रण प्रणाली बनाई कडाईका साथ लागू गरिनेछ साथै संघीय तथा प्रादेशिक सरकारहरूबाट प्राप्त हुने सशर्त, विशेष, समपूरक र समानीकरण अनुदानको खर्च औचित्यपूर्ण मितव्ययी र प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अधिकार सम्पन्न र जवाफदेही संयन्त्र बनाई परिचालन गरिनेछ।

६. गजुरी गाउँपालिकामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण, चालिसेमा अस्पताल भवन निर्माण, इलाका प्रशासन कार्यालय स्थापना, पृथ्वी राजमार्गको उपयुक्त स्थानमा ट्रमा सेवा सहितको सुविधासम्पन्न अस्पताल निर्माणको निम्ति पहल, प्रांगारिक मल उत्पादन कारखाना निर्माण कार्य लगायतका थुप्रै योजनाहरू कार्यान्वित गराउँदै सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाईनेछ।

७. पूँजीगत खर्चको मात्रा तथा गुणात्मकता अभिवृद्धि गर्न प्राविधिक कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, शाखा प्रमुखहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउँदै अनुगमन संयन्त्रलाई दुरूस्त बनाईनेछ। उत्कृष्ट कार्यसम्पादन गर्नेलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ।

८. गजुरी गाउँपालिकाको प्राथमिकताको क्षेत्र, दीर्घकालीन बृहत्तर जनहितलाई मध्यनजर गर्दै अन्य सरकारी कार्यालयहरू, स्थानीय अगुवा राजनैतिक दल, सहकारी, सहयोगी संघ संस्थाहरू तथा सरोकारवालाहरू बिच पर्याप्त समन्वय तथा सहकार्यलाई बढावा दिईनेछ र सो सम्बन्धमा पालिकास्तरीय समन्वय समिति गठन गरी उपयुक्त परिचालन गरिनेछ।

९. पालिकाको उत्पादनशीलता प्रवर्धन गर्दै आत्मनिर्भरता बढाउन कृषि तथा पशु सेवाको विस्तार, लक्षित वर्गमा उद्यमशीलता विकास र बजारीकरण लाई प्रोत्साहित गरिनेछ । साथै सहकारी तथा निजी क्षेत्रको लगानी गर्ने वातावरण तयार गरि स्थानीय पूँजी विकासलाई प्रोत्साहन गरिनेछ ।

अन्त्यमा,

**दिगो विकास र आर्थिक समृद्धि** भन्ने गजुरी गाउँपालिकाको नारालाई मूर्तरूप दिन आ-आफ्नो तह र तप्काबाट महत्वपूर्ण योगदान, सल्लाह सुझाव प्रदान गर्नुहुने स्थानीय बुद्धिजीवी, अगुवा समाजसेवी, व्यवसायी, सहयोगी तथा साझेदार संघ संस्था, सरोकारवाला तथा सम्पूर्ण आदरणीय गजुरीवासीहरूमा धन्यवाद प्रकट गर्दै सदैव सहकार्यको लागि आव्हान गर्दछु।

गणेशलाल श्रेष्ठ
अध्यक्ष
गजुरी गाउँपालिका

# गजुरी गाउँकार्यपालिकाका सदस्यहरू:



अध्यक्ष
श्री गणेशलाल श्रेष्ठ



उपाध्यक्ष
श्री शर्मिला बिसुराल



प्रमुख प्रशासकीय अधिकृत
श्री राजु अधिकारी



वडा अध्यक्ष (वडा नं. १)
श्री तारानाथ भण्डारी



वडा अध्यक्ष (वडा नं.२)
श्री द्रोण कडेल



वडा अध्यक्ष (वडा नं.३)
श्री ऋषिलाल श्रेष्ठ



वडा अध्यक्ष (वडा नं.४)
श्री सुरेन्द्र प्रजा



वडा अध्यक्ष (वडा नं.५)
श्री गोविन्द लामिछाने



वडा अध्यक्ष (वडा नं.६)
श्री भक्त बहादुर तामाङ



वडा अध्यक्ष (वडा नं.७)
श्री बद्री प्रसाद जमकटेल



वडा अध्यक्ष (वडा नं.८)
श्री देवराज ओझा



सदस्य
श्री आयुष प्रजा



सदस्य
श्री सनक बहादुर प्रजा



सदस्य
श्री मैयाँ डल्लाकोटी



सदस्य
श्री गंगा श्रेष्ठ



सदस्य
श्री तारा लामा



सदस्य
श्री फुलमाया तामाङ

## गजुरी गाउँ कार्यपालिकाका सदस्यहरू:

| | | | | |
|---|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | ९८५१०५४१६५ |
| २ | गा.पा. उपाध्यक्ष | श्री शर्मिला बिसुराल | सदस्य | ९८५१२७९५८४ |
| ३ | १ नं वडा अध्यक्ष | श्री तारानाथ भण्डारी | सदस्य | ९८४१३६३२६२ |
| ४ | २ नं वडा अध्यक्ष | श्री द्रोण कडेल | सदस्य | ९८५६०३१६६२ |
| ५ | ३ नं वडा अध्यक्ष | श्री ऋषिलाल श्रेष्ठ | सदस्य | ९८४३०१६७७८ |
| ६ | ४ नं वडा अध्यक्ष | श्री सुरेन्द्र प्रजा | सदस्य | ९८५१०३७७९४ |
| ७ | ५ नं वडा अध्यक्ष | श्री गोविन्द लामिछाने | सदस्य | ९८५११६६३१४ |
| ८ | ६ नं वडा अध्यक्ष | श्री भक्त बहादुर तामाङ | सदस्य | ९८५१२४८५३४ |
| ९ | ७ नं वडा अध्यक्ष | श्री बद्री प्रसाद जम्कटेल | सदस्य | ९८४१७९८०६७ |
| १० | ८ नं वडा अध्यक्ष | श्री देवराज ओझा | सदस्य | ९८५११९०७९५ |
| ११ | सदस्य | श्री आयुष प्रजा | सदस्य | ९८६१०७२११८ |
| १२ | सदस्य | श्री सनक बहादुर प्रजा | सदस्य | ९८४१६५६९६४ |
| १३ | सदस्य | श्री मैयाँ डल्लाकोटी | सदस्य | ९८४९४५५२५३ |
| १४ | सदस्य | श्री गंगा श्रेष्ठ | सदस्य | ९८६०९४९८११ |
| १५ | सदस्य | श्री तारा लामा | सदस्य | ९८६५४०४३६६ |
| १६ | सदस्य | श्री फुलमाया तामाङ | सदस्य | ९८६९३५५५१३ |

## गजुरी गाउँसभाका पदाधिकारीहरू:

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेशलाल श्रेष्ठ | अध्यक्ष | ९८५१०५४१६५ |
| २ | शर्मिला बिसुराल | उपाध्यक्ष | ९८५१२७९५८४ |
| ३ | तारानाथ भण्डारी | वडा अध्यक्ष | ९८४१३६३२६२ |
| ४ | कुल बहादुर सुनार | वडा सदस्य | ९८४१७४४१०४ |
| ५ | सुधिर खरेल | वडा सदस्य | ९८०६४९८८२० |
| ६ | मैंया डल्लाकोटी | कार्यपालिका सदस्य | ९८४९४५५२५३ |
| ७ | लक्ष्मी नेपाली | द. महिला सदस्य | ९८०३१३९८४३ |
| ८ | द्रोण कडेल | वडा अध्यक्ष | ९८५६०३१६६२ |
| ९ | धननाथ सिलवाल | वडा सदस्य | ९८६३२०८४८३ |
| १० | रेशम थापा मगर | वडा सदस्य | ९८४९६३३२०१ |
| ११ | गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | ९८६०९४९८११ |
| १२ | सानु मिजार | द. महिला सदस्य | ९८५६०३१६६२ |
| १३ | ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | ९८४३०१६७७८ |
| १४ | मंगल बहादुर तामाङ | वडा सदस्य | ९८४५२४०२७६ |
| १५ | श्याम बहादुर चेपाङ | वडा सदस्य | ९८४९४००८९९ |
| १६ | तारा लामा | कार्यपालिका सदस्य | ९८६५४०४३६६ |
| १७ | राम माया वि.क | द. महिला सदस्य | ९८६०१४९२०२ |

| | | | |
|---|---|---|---|
| १८ | सुरेन्द्र प्रजा | वडा अध्यक्ष | ९८५१०३७७९४ |
| १९ | जयराम प्रजा | वडा सदस्य | ९८६६४३४२७५ |
| २० | श्री चक्र बहादुर थिङ तामाङ | वडा सदस्य | ९८४९००६८२४ |
| २१ | फुलमाया तामाङ | कार्यपालिका सदस्य | ९८६९३५५५१३ |
| २२ | सुक माया सुनार | दलित महिला सदस्य | ९८६९४१२१२४ |
| २३ | गोविन्द लामिछाने | वडा अध्यक्ष | ९८५११६६३१४ |
| २४ | रामशरण लामिछाने | वडा सदस्य | ९८६१७४५५३५ |
| २५ | गोविन्द चेपाङ | वडा सदस्य | ९७४६२९५५७६ |
| २६ | चमेली राइ | महिला सदस्य | ९८४१०६५९३९ |
| २७ | संगिता विक | दलित महिला सदस्य | ९८६२७७५५६१ |
| २८ | भक्त बहादुर तामाङ | वडा अध्यक्ष | ९८५१२४८५३४ |
| २९ | कवि प्रसाद दुलाल | वडा सदस्य | ९८५१३३३४२० |
| ३० | कृष्ण बहादुर चेपाङ | वडा सदस्य | ९८४४८४८९३२ |
| ३१ | संगिता चेपाङ | महिला सदस्य | ९८४१०६१८२० |
| ३२ | राम माया परियार | दलित महिला सदस्य | ९८६३६५०५८३ |
| ३३ | बद्री प्रसाद जमकटेल | वडा अध्यक्ष | ९८४१७९८०६७ |
| ३४ | कपिल श्रेष्ठ | वडा सदस्य | ९८४१२०६८७८ |
| ३५ | विकाश लामा तामाङ | वडा सदस्य | ९८४३६०७०६३ |
| ३६ | सर्मिला पराजुली | महिला सदस्य | ९८४९१८५७७५ |
| ३७ | अञ्जु बिसुन्के | दलित महिला सदस्य | ९८६१६८८७२९ |
| ३८ | देवराज ओझा | वडा अध्यक्ष | ९८५११९०७९५ |
| ३९ | नवराज बस्नेत | वडा सदस्य | ९८४००७४१२२ |
| ४० | मिलन थिङ तामाङ | वडा सदस्य | ९८६९७९७०५४ |
| ४१ | मिना लो | महिला सदस्य | ९८६२७५५७२२ |
| ४२ | राधिका रोक्का | दलित महिला सदस्य | ९८२३१८९७९५ |
| ४३ | आयुष प्रजा | कार्यपालिका सदस्य | ९८६१०७२११८ |
| ४४ | सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | ९८४१६५६९६४ |

**गजुरी गाउँपालिकामा हालसम्मका कार्यकारी अधिकृत/प्रमुख प्रशासकीय अधिकृतहरूको नामावली:**

| क्र सं | नाम /थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | मनचन्द्र धराला | कार्यकारी अधिकृत | २०७३/११/२७ | २०७३/१२/१३ |
| २ | देवीलाल सापकोटा | कार्यकारी अधिकृत/प्र प्र अधिकृत | २०७३/१२/१४ | २०७५/०२/१४ |
| ३ | गोपाल प्रसाद बगाले | प्रमुख प्रशासकीय अधिकृत | २०७५/०२/१५ | २०७५/१२/१२ |
| ४ | युवराज अर्याल | प्रमुख प्रशासकीय अधिकृत | २०७५/१२/१३ | २०७७/०४/२५ |
| ५ | राजन घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | २०७७/०४/२६ | २०७८/१२/१५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ध्रुब प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | २०७८/१२/१५ | २०७९/०४/१८ |
| ७ | नर बहादुर विश्वकर्मा | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०४/१८ | २०७९/६/०९ |
| ८ | लाल बहादुर योगी | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०६/१३ | २०७९/१०/१७ |
| ९ | राजु अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | २०७९/१०/१८ | ................... |

**<u>परिचयः</u>**

बागमती प्रदेश, धादिङ जिल्लामा अवस्थित गजुरी गाउँपालिका नेपालको संविधान (२०७२) बमोजिम साबिकका गजुरी, पिंडा र किरान्चोक गरी तीन वटा गाउँ विकास समितिलाई समायोजन गरी गठन गरिएको छ। यस गाउँपालिकालाई हाल ८ वटा वडामा विभाजन गरिएको छ ।करिब १३८.६६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको पूर्वमा गल्छी गाउँपालिका, पश्चिममा बेनिघाट रोराङ गाउँपालिका, उत्तरमा त्रिशुली नदीको किनार र दक्षिणमा मकवानपुर जिल्ला पर्दछ । ऐतिहासिक भनाई/किंवदन्ती अनुसार तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकिकरणको समयमा गोरखाबाट नुवाकोट जाने क्रममा आफ्नो शिरको गजुर बिसाएकोले यस ठाउँको नाम गजुरी हुन गएको हो । सोही साबिकको गजुरी भन्ने स्थान पछिल्लो समयमा गजुरी गाउँ विकास समिति हुँदै हाल गजुरी गाउँपालिका बनेको हो ।




**<u>भौगोलिक अवस्थिति</u>**

**फैलावटः**

१. अक्षांश : २७ डिग्री ७ मिनेट उत्तरी अक्षांश
२. देशान्तर : ८४ डिग्री ९८ मिनेट पूर्वी देशान्तर
३. पूर्वमा : गल्छी गाउँपालिका
४. पश्चिममा : त्रिशुली नदी (सिद्धलेक गाउँपालिका)
५. उत्तरमा : त्रिशुली नदी
६. दक्षिणमा : बेनिघाट रोराङ गाउँपालिका र मकवानपुर जिल्ला
७. उचाई : समुन्द्री सतहबाट ३७५ देखि २३०० मिटर सम्म
८. जम्मा क्षेत्रफल : १३८.वर्ग कि ६६.मि.
९. हावापानी : समशितोष्ण
१०. वार्षिक वर्षा : २१२० मिलिमिटर
११. अधिकतम तापक्रम : ३० डिग्री सेन्टिग्रेड
१२. न्यूनतम तापक्रम : १० डिग्री सेन्टिग्रेड भन्दा कम
१३. प्रदेश : बागमती
१४. जिल्ला : धादिङ
१५. वडा संख्या : ८ (आठ)

१६. केन्द्र : गजुरी-१, गजुरी गाउँ कार्यपालिका, धादिङ

१७. निर्वाचन क्षेत्र : निर्वाचन क्षेत्र नं १, प्रदेश सभा (ख)

**भौगोलिक विवरण:**

| | | |
|---|---|---|
| कूल जमिनको क्षेत्रफल | | : १३८६६ हे. |
| खेती योग्य जमिनको क्षेत्रफल | | : ३५५६ हे. |
| खेती गरिएको जग्गाको क्षेत्रफल | | : १८२९ हे. |
| | खेत | : ८०० हे. |
| | बारी | : १०२९ हे. |
| | सिंचित जमिन | : ३९२ हे. |

संचालित मझौला तथा ठूला सिंचाई आयोजना संख्या : ४ वटा

**प्रशासनिक भवन:**

गजुरी गाउँपालिकाको हाल आफ्नै भवनबाट प्रशासनिक कृयाकलापहरू संचालन गर्दै आएको छ । नयाँ प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा पुगेको छ । वडा नं. १ देखि ८ वटै वडा कार्यालयको प्रशासनिक भवन निर्माण भई प्रशासनिक कृयाकलाप संचालन भइरहेको छ ।

**प्रमुख नदीनाला:**

यस गजुरी गाउँपालिकाको प्रमुख नदीनालाहरूमा गाउँपालिकाको उत्तरी सिमानामा बाह्रैकाल बाह्रै महिना बगिरहने नेपालकै प्रथमस्तरको त्रिशुली नदीले सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सिमाना छुट्याएको छ ।त्यसै गरी गजुरी गाउँपालिकाको वडा नं.१ र ५ लाई गलौंदी खोला वडा नं. ६ र ७ लाई दरियाल खोला र वडा नं. ७ र ८ लाई बेल्खु खोलाले सिमाना बनाएको छ ।

**प्रमुख धार्मिक स्थल:**

गजुरी गाउँपालिका भित्र रहेका महत्वपूर्ण धार्मिक स्थलहरू मध्ये वडा नं. ३ मा कंकाली माईको मन्दिर वडा नं. ५ मा पिण्डेश्वरी माई र वडा नं. ८ मा रहेको लामाचिरा मन्दिर प्रसिद्ध रहेका छन । किरान्चोकमा रहेको किराँतेश्वर महादेवको मन्दिरमा लामाचिरा जात्रामा हरेक मंसिरको पूर्णिमाको दिन हजारौं भक्तजनहरूको घुँईचो लाग्नुका साथै जात्रा महोत्सव पनि हुने गरेको छ ।

**जनसंख्याको विवरण:**

राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार गजुरी गाउँपालिकाको जनसांख्यिकीय विवरण:

कूल जनसंख्या: २८,६३४ जना

पुरूष जनसंख्या: १४,३२६ जना

महिला जनसंख्या: १४,३०८ जना

परिवारको औसत आकार: ४.१९

लैंगिक अनुपात: १००.१३

वार्षिक जनसंख्या वृद्धिदर: ०.५३

जनघनत्व: २०७ जना प्रति वर्ग कि.मि.

कूल परिवार संख्या: ६,८३९ जना

साक्षरता दर: ७२.९१ प्रतिशत

पुरूष साक्षरता दरः ७८.६० प्रतिशत
महिला साक्षरता दरः ६७.२१ प्रतिशत

**समायोजित वडाको विवरणः**

नेपाल संघीयतामा गईसकेपछी गजुरी गाउँपालिकाको हालको वडा तपसिलको साबिक गा.वि.स.को वडाहरू समेटी निर्धारण गरिएको छ ।

| वडा नं. | साबिकको वडा | साबिकको गा.वि.स. |
|---|---|---|
| १ | १,३ | गजुरी |
| २ | २,४,८ | गजुरी |
| ३ | ५,६,७,९ | गजुरी |
| ४ | ७,८,९ | पिंडा |
| ५ | २,४,५ | पिंडा |
| ६ | १,३,६ | पिंडा |
| ७ | ६,७,८,९ | किरान्चोक |
| ८ | १,२,३,४,५ | किरान्चोक |

**यातायातः**

गजुरी गाउँपालिकाको सम्पूर्ण वडाहरूमा कच्ची मोटर बाटो पुगिसकेको छ ।वडा नं. १ गजुरी बजार देखि भदौरे सम्म ३.५ कि.मि., वडा नं. २ चालिसे देखि बेलभञ्याङ सम्म १ कि.मि., वडा नं.६ आदमघाट देखि मिलनटार सम्म करिब ३ कि.मि., वडा नं. २ मलेखु देखि ढाँडे सम्म करिव ७ कि.मि पक्की मोटर बाटो बनिसकेको छ । हाल बागमती प्रदेश सरकारको बजेटले वडा नं. ६ मिलनटार देखि वडा नं. ५ सम्मको लिस्नुफेदी सम्म करिब १४ कि.मि. पक्की सडक निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । त्यसै गरी गजुरी गा.पा. वडा नं. ६ को मिलनटारबाट वडा नं. ८ को कार्यालय सम्म करिब ४ कि.मि. पक्की सडक प्रदेश सरकारको बजेटबाट निर्माण कार्य निरन्तर भइरहेको छ ।

**संचारः**

गजुरी गाउँपालिकाको ८ वटै वडाहरूमा संचारको पहुँच पुगेको छ ।

**खानेपानीः**

गजुरी गाउँपालिकाको एक घर एक धारा अभियानमा कार्य तीव्र गतिमा अगाडी बढिरहेको छ ।

**विद्युतः**

गजुरी गाउँपालिकाको ८ वटै वडाहरूमा विद्युतको पहुँच पुगेको छ ।

## पालिकाको गतिविधिहरूः

### समृद्ध गजुरी विषयक समिति गठनः

गजुरी गाउँपालिकाको विकास र समृद्धिमा ऐक्यवद्धता स्थापना गर्ने उद्देश्यका साथ मिति २०८० जेठ ६ गते ज्ञानोदय मा.वि., बाफल, काठमाडौंमा गजुरी गाउँपालिका क्षेत्रभित्र जन्म भई विशिष्ट पहिचान बनाउन सफल व्यक्तिहरूको आतिथ्यतामा समृद्ध गजुरी विषयक अन्तरसम्वाद कार्यक्रम संचालन गरियो । भव्य रूपमा सम्पन्न भएको उक्त कार्यक्रममा गजुरी गाउँपालिकाको तर्फबाट समृद्ध गजुरीको उद्देश्यलाई सफलीभूत गर्न प्रस्तुत कार्यपत्र माथि छलफल गरी आवश्यक सहजीकरण गर्नको लागि नेपाल सरकारका सचिव डा. रोजनाथ पाण्डेको संयोजकत्वमा समृद्ध गजुरी समन्वय समिति समेत गठन भएको थियो ।

प्रतिनिधि सभाका माननीय सांसद राजेन्द्र पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा राजनीतिक, प्रशासनिक, शैक्षिक, व्यवसायिक लगायत विविध क्षेत्रका स्थापित व्यक्तित्वहरूको सहभागिता थियो ।






### विपद व्यवस्थापनका निम्ति दमकलको व्यवस्थाः

आकस्मिक विपदबाट हुने आगलागीजन्य घटनाहरूबाट हुन सक्ने भौतिक तथा मानवीय क्षति कम गर्ने उद्देश्यले गजुरी गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, सिद्धलेक गाउँपालिकाको संयुक्त लगानीमा दमकल (वारूण यन्त्र) खरिद प्रकृया अन्तिम चरणमा पुगेको छ ।



CONTRACT AGREEMENT

This agreement [illegible] between Gajuri Rural Municipality, OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE, Gajuri, Dhading District (hereinafter called "the Purchaser") on the one part and National Fire Safe Pvt.Ltd., Suryabinayak Municipality 3, Bhaktapur Nepal (hereinafter called "the Supplier") on the other part.

WHEREAS the Purchaser has requested for proposal for Fire Fighting Vehicle to be supplied by Supplier [illegible] (hereinafter called "Contract") and has accepted the Proposal by the Supplier for the supply of goods under Contract at the sum of RS. 59,70,000.00 "Fifty-Nine Lakh Seventy thousand only" [illegible]

NOW THIS AGREEMENT WITNESS AS FOLLOWS:

1. The following documents shall be deemed to form and be read and construed as part of this agreement, [illegible]
   a) [illegible]
   b) Addendum (if applicable)
2. [illegible] the Supplier hereby [illegible] an Agreement with the Purchaser to execute and complete the supply of goods under the Contract and remedy any defects therein in conformity with the provisions of the Contract.
3. The Purchaser hereby covenants to pay, in consideration of the acceptance of Contract, supply and delivery of the goods and remedying of defects therein, the Contract Price in accordance with Payment Conditions [illegible] the Contract.

In witness where of the parties [illegible] executed the Contract under the laws of Nepal [illegible] on the date indicated above.

| Signature and seal of the Purchaser: For and on behalf of | Signature and seal of the Supplier: For and on behalf of |
| --- | --- |
| Chief Administrative Officer, Gajuri Rural Municipality, Gajuri, Dhading | Name of Authorized Representative [illegible] (Managing Director) |

### मुख्य राजमार्ग नजिक सुविधासम्पन्न अस्पताल निर्माणको अवधारणा पत्र तयारः

पृथ्वी राजमार्गमा बढ्दो सवारी दुर्घटना र तत् पश्चात उद्धार गरिएका घाइतेहरु मध्ये कतिपय घाइतेहरु उचित उपचारको अभावमा मृत्युवरण गर्नुपरेको अवस्थाप्रति विशेष प्राथमिकता दिदै राजमार्ग क्षेत्रको उपर्युक्त स्थानमा ट्रमा सेवा सहितको सुविधासम्पन्न अस्पताल निर्माण तथा संचालनका लागि संघीय सरकार तथा बागमती प्रदेश सरकार समक्ष परियोजना प्रस्ताव पेश गर्ने उद्देश्यले गजुरी गाउँपालिका, गल्छी गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, इच्छाकामना गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, जिल्ला प्रशासन कार्यालय धादिङ, जिल्ला प्रहरी कार्यालय धादिङ,

जिल्ला ट्राफिक कार्यालय धादिङ, इलाका प्रहरी कार्यालय गजुरी, जिल्ला स्वास्थ्य कार्यालय धादिङ, शिवदल गण गजुरी र शसस्त्र प्रहरी बल आदमघाटका कार्यालय प्रमुखहरुको संयुक्त छलफल भई अवधारणापत्र तयार गर्ने कार्य अगाडी बढेको छ ।





**स्रोत बाटै फोहोरमैला वर्गिकरण गरि फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनको सुरुवातः**

गजुरी गाउँपालिकाको बजारक्षेत्रबाट उत्सर्जन हुने फोहोरमैलालाई स्रोतमै कुहिने र नकुहिने फोहोरमा वर्गिकरण गराई प्रत्येक हप्ता फरक फरक दिनमा संकलन गरिएको छ । फोहोरमैला व्यवस्थापन केन्द्रको स्थापनाको लागि जग्गा खरिद भइसकेको र DPR लगायत अन्य आवश्यक कार्य प्रक्रिया अगाडी बढाइएको छ ।






**प्राङ्गारिक मल उत्पादन कारखानाको आशय पत्र पेसः**

बागमती प्रदेश सरकारको वार्षिक कार्यक्रम अन्तर्गत एक प्रदेश निर्वाचन क्षेत्र एक प्रांगारिक मल कारखाना स्थापनार्थ बागमती प्रदेश सरकार समक्ष गजुरी गाउँपालिका, सिद्धलेक गाउँपालिका र बेनीघाट रोराङ गाउँपालिकाको तर्फबाट संयुक्त रुपमा आशय पत्र पेश भई प्रारम्भिक प्रस्तावित भौगोलिक क्षेत्रको अवलोकन र निरीक्षण कार्य सम्पन्न भएको छ ।

गजुरी गाउँपालिका, धादिङ
सिद्धलेक गाउँपालिका, धादिङ
र
बेनीघाट रोराङ गाउँपालिका, धादिङको
संयुक्त आशयपत्र पेश

### लोकसेवा तयारी कक्षा सञ्चालनः



गजुरी गाउँपालिकाले यस आ.व. २०८०/०८१ मा यहाँका युवा वर्गमा सरकारी सेवाप्रति अभिरूची जगाउने उद्देश्यले लोक सेवा आयोगको तयारीलाई मध्यनजर गर्दै तयारी कक्षा संचालन गरेको छ । यस तयारी कक्षाबाट लोक सेवा परीक्षा तयारी गर्दै गरेका स्थानीय युवा वर्गलाई थप सहयोग पुगेको छ ।

### अनलाइन प्रणाली मार्फत राजस्व संकलनः



गजुरी गाउँपालिका क्षेत्रभित्रका ढुंगा, गिट्टि, बालुवा आदि नदीजन्य पदार्थको निकासी कर हस्तलिखित नगदी रसिदमार्फत संकलन गर्दै आएकोमा मिति २०८१।०१।०७ गते देखि अनलाइन सफ्टवेयर प्रणाली मार्फत कर संकलन गरिएको छ । साथै गजुरी गाउँपालिकामा प्राप्त हुने मालपोत, सम्पत्ति कर लगायत सेवा शुल्कहरु सुत्र राजस्व प्रणालीमार्फत मिति २०८० चैत्र १ देखि संकलन गरिएको छ ।

### उद्यमशीलता विकास सम्बन्धी तालिम सम्पन्नः

गजुरी गाउँपालिकाका २५ जना महिलाहरुलाई महिला उद्यमशिलता प्रवर्द्धन गर्ने उद्देश्य लिई "स्थानीय स्रोत र साधन, रोजगारी सृजनाको प्रमुख आधार" मुल नाराका साथ मकैको खोस्टा बाट हस्तकलाका विभिन्न सामाग्री उत्पादन सम्बन्धी ३० दिने सिपमुलक तालिम प्रदान गरिएको छ । साथै उत्पादन भएका हस्तकलाका सामाग्रीको बजारको व्यवस्था गर्ने जिम्मेवारी ओम राजश्री मल्टी एग्रो प्रा.लि. काठमाण्डौंले लिएको छ ।





### राजमार्ग क्षेत्रमा भएका सडक दुर्घटनामा राहत वितरणः

विभिन्न समयमा गजुरी गाउँपालिकाका राजमार्ग क्षेत्रमा भएका सडक दुर्घटनामा स्थानीय स्रोत र साधनको प्रयोग गरी लत्ताकपडा, खाना खाजा लगायतका अत्यावश्यक राहत सामाग्रीहरूको वितरण गरिएको छ ।





### गाउँपालिकाको समन्वयमा नागरिकता वितरणः

नागरिकता पाउन योग्य भएर पनि अपांगता र अशक्तताको कारण जिल्ला प्रशासन कार्यालयसम्म पुगेर नागरिकता बनाउन नसकेका गजुरी गाउँपालिका वडा नं ८ ठूलो बाङ्गेस्थित सेवाग्राहीकै घरमा गजुरी गाउँपालिकाको समन्वयमा प्रमुख जिल्ला अधिकारी सहितको टोली पुगी ७४ वर्षिय कान्छिमाया तामाङ, ६९ वर्षिय सुनिता गोले र २४ वर्षिय नवराज थोक्रा तामाङलाई नेपाली नागरिकता प्रदान गरिएको छ ।





### मोटरबोट संचालनका लागि सम्भाव्यता अध्ययन सुरूः

गजुरी गाउँपालिका भित्र त्रिशुली नदी क्षेत्रमा मोटरबोट संचालनका लागि कार्यविधि स्वीकृति भई सम्भाव्यता अध्ययन कार्य प्रकृया अगाडि बढेको छ ।

### जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी अभिमुखीकरण कार्यक्रमः

गजुरी गाउँपालिकाको आयोजना र जिल्ला प्रशासन कार्यालयको सहकार्यमा गजुरी गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूका लागि जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने नागरिकता, राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य तथा विभिन्न सिफारीसहरू लगायत व्यक्तिगत घटना दर्ताका सम्बन्धमा १ दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।






### मरणघाट निर्माणः

गजुरी गाउँपालिका क्षेत्रभित्र त्रिशुली नदि किनारका विभिन्न स्थानहरु (बेल्खु खोला, जरेखेत, पोखरे खोला, घाटवेशी र गलौदी खोला) मा अन्तिम दाहसंस्कारलाई सहज बनाउन मरणघाट निर्माण गरिएको छ ।





### ६ नं वडाको सेवा केन्द्र आदमघाटमा संचालनः

गजुरी गाउँपालिकाको वडा नं ६ को वडा कार्यालयको केन्द्र जरेगाउँमा रहेकोमा उक्त वडा कार्यालयबाट सम्पूर्ण वडावासीहरुले सेवा लिन असहज भई सेवाकेन्द्रको नागरिक स्तरबाटै माग भएकोले गजुरी वडा नं ६ आदमघाटबाट हप्ताको १ दिन सोमवार सेवा दिने उद्देश्यले अस्थायी सेवा केन्द्र सञ्चालनमा ल्याइएको छ ।

### गजुरी गाउँपालिकाको समन्वयमा प्रदेश सरकारको कार्यक्रमः

गजुरी गाउँपालिका वडा नं ६ स्थित आदमघाट च्याङ्ली थामभञ्याङ सडक कालोपत्रे र वडा नं ७ र ८ मा पर्ने मिलनटार किराञ्चोक सडक कालोपत्रे निर्माण योजनाहरु बागमती प्रदेश सरकारद्वारा सञ्चालन भइरहेको छ ।साथै उक्त योजनाको प्रदेश सरकार तथा गाउँपालिकाबाट नियमित अनुगमन भएको छ ।






### विपद व्यवस्थापनः

अविरल वर्षा, आगलागी जस्ता विपदबाट पिडीत गजुरी गाउँपालिका भित्रका जनताहरूलाई विपद व्यवस्थापन कोषबाट हालसम्म ६१ बन्डल जस्तापाता, ८४ क्वायल पाईप, १६८ बोरा सिमेन्ट तथा आवश्यकता अनुसार टेण्टहरू वितरण गरि पुनर्स्थापनाका लागि सहयोग गरिएको छ ।



### चिउरी संरक्षण कार्यक्रमः

बागमती प्रदेश सरकार र गजुरी गाउँपालिकाको सहकार्यमा चेपाङ समूदायले परम्परागत रुपमा अवलम्बन गर्दै आएको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्त्व बोकेको बहुउपयोगी बनस्पति चिउरीको संरक्षण गरि चेपाङ






समुदायको उत्थान गर्ने उद्देश्यका साथ चिउरी संरक्षणका कार्यक्रम गजुरी गाउँपालिका वडा नं ३, ४ र ६ मा तय भइ सञ्चालनमा रहेको छ ।

### राष्ट्रिय सभा अध्यक्ष स्वागत तथा अन्तर्कृया कार्यक्रमः

नव निर्वाचित राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालज्यूलाई पालिकामा स्वागत, सम्मान तथा बधाई ज्ञापनसहित समृद्ध गाउँपालिका बनाउने विषयमा मिति २०८०/१२/१४ गते अन्तरक्रिया कार्यक्रम भएको थियो । निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, स्थानीय समाजसेवी, कर्मचारी लगायतको उपस्थिति भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूले पालिकामा ट्रमा सेवा सहितको ५० शैयाको अस्पताल, फोहोरमैला व्यवस्थापन तथा सफाई केन्द्र, इलाका प्रशासन कार्यालय र यातायात व्यवस्था कार्यालय स्थापनाको लागि विशेष पहल गरिदिन अनुरोध गर्नुहुदै ज्ञापनपत्र समेत पेस गर्नुभएको थियो ।





### डाँडागाउँ स्वास्थ्य इकाई सुरूः

गजुरी गाउँपालिका वडा नं ७ स्थित डाँडागाउँमा डाँडागाउँ स्वास्थ्य इकाईको मिति २०८१ वैशाख १२ मा शुभारम्भ गरिएको छ ।जसबाट साविक किराञ्चोक गाविस वडा नं ६ भदौरे, विसौना, गेदे, वडा नं ७ को कुपिण्डे, वडा नं ८ र ९ का ५०० घरधुरी प्रत्यक्ष स्वास्थ्य सेवाबाट लाभान्वित हुनेछन् ।




## योजना किताब लागू तथा अभिमुखिकरण कार्यक्रमः




गजुरी गाउँपालिकाभित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत तथा संभार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिहरुलाई उपभोक्ता समिति गठन देखि अन्तिम भुक्तानी प्रयोजन सम्मका कार्यहरुमा सहजता प्रदान गर्ने तथा कार्यालयको अभिलेख विधिलाई समयानुकुल र व्यवस्थित बनाउने उद्देश्यले चालु आर्थिक वर्ष २०८०।०८१ देखि योजना किताव अनिवार्य लागू गरिएको छ ।साथै उक्त योजना किताव प्रयोगका सम्बन्धमा सबै वडाहरुमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।






## यात्रुहरुलाई बेलुका तथा रात्रीको समयमा आवतजावतमा सहजताः

विजयादशमीको पावन अवसरमा राजधानी लगायत विभिन्न ठाउँबाट जन्मथलो फर्किनुहुने गजुरी गाउँपालिकाका ग्रामिण क्षेत्रका यात्रुहरुको निम्ति बेलुकी तथा रात्री समयमा गन्तव्य पुग्न सवारी साधन उपलब्ध नहुने अवस्थामा गाउँपालिकाबाट सवारी व्यवस्थापन गरि गन्तव्य सम्म पुर्याउने कार्यक्रम गरिएको थियो ।



गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.
मितिः २०८०/७/०१

यातायात व्यवस्थापनका लागि सहजिकरण गरिने सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत विषयमा आसन्न विजयादशमीको पावन अवसरमा राजधानी लगायत विभिन्न ठाउँबाट जन्मथलो फर्किनुहुने यस गाउँपालिकाका ग्रामीण क्षेत्रका यात्रुहरुले बेलुकी तथा रात्री समयमा गन्तव्य पुग्न सवारी साधन उपलब्ध नभएमा देहायको कर्मचारीहरु संग सम्पर्क गर्नुहुन जानकारी गराइन्छ। सम्पर्क पश्चात गाउँपालिकाले संभव भएसम्म पायक स्थान सम्म पुग्ने गरि सवारी व्यवस्थापन गरि गन्तव्य पठाउन आवश्यक प्रबन्ध गरिने व्यहोरा समेत सबैमा जानकारी गराउँदै आवश्यक समन्वयका लागि सबैमा अनुरोध गरिन्छ ।

| सि.नं. | क्षेत्र | कर्मचारीको नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | आदमघाट हुँदै वडा नं ६ को माथिल्लो भेग,वडा नं ७/८ तथा वडा नं ५ को माथिल्लो क्षेत्र जाने यात्रुहरु | सबिन अधिकारी- सवारी चालक | ९८५१३२९८३९, ९८०८४४५६७८ | |
| २ | घाटबेशि बजारबाट माथिल्लो भेगमा, गजुरी बजारबाट माथिल्लो भेगमा, चालिसेबाट माथिल्लो भेगमा र मलेखु बजारबाट माथिल्लो भेगमा जाने यात्रुहरु | केशरमान श्रेष्ठ- वरिष्ठ गापा प्रहरी | ९८४२२९४५९७, ९८०८६२७६२० | |

गणेशलाल श्रेष्ठ
अध्यक्ष

फोन नं. +९७७-०१०-४०२०६३, ४०२१४५ ईमेलः info@gajurimun.gov.np वेबसाइटः www.gajurimun.gov.np



## दिवा खाजा विस्तार कार्यक्रम सञ्चालनः

नेपाल सरकारले सामुदायिक विद्यालयमा बालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि निःशुल्क दिवा खाजा कार्यक्रम संचालन गर्दै आएकोमा यस पालिकाले उक्त कार्यक्रमलाई कक्षा ६ र ७ मा समेत विस्तार गरेको छ । यस कार्यक्रमबाट कक्षा ६ र ७ मा अध्ययनरत ९८५ जना बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन् । बालबालिकाको पोषणमा सुधार, कक्षा छाड्ने दरमा न्यूनीकरण भइ शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न सहयोग पुग्ने उद्देश्यले दिवा खाजा विस्तार कार्यक्रम संचालन गरिएको हो ।

**अन्तर सरकारी सहयोगमा आधारित ब्याडमिन्टन कोर्ट निर्माणः**

गजुरी गाउँपालिकाको आर्थिक सहयोगमा जिल्ला मालपोत कार्यालय धादिङमा ब्याडमिन्टन कोर्ट निर्माण सम्पन्न भएको छ ।





*जिल्ला मालपोत कार्यालयमा निर्माण सम्पन्न ब्याडमिन्टन कोर्टको तस्विरहरू*

**चेपाङ भाषामा कक्षा सञ्चालनः**





शैक्षिक सत्र २०८१ देखि गजुरी गाउँपालिका ४ नं. वडास्थित जलकन्या आधारभूत विद्यालयमा मातृभाषाको रुपमा चेपाङ भाषाको पठनपाठन सुरु गरिएको छ । कक्षा ३ देखि ६ सम्म अध्ययनरत करिब ६० जना विद्यार्थीहरुको लागि अतिरिक्त कक्षा संचालन गरि चेपाङ भाषाको पठनपाठनको व्यवस्था मिलाईएको छ । अति सिमान्तकृत चेपाङ समुदायको बाहुल्यता रहेको यस वडामा चेपाङ भाषा बोल्ने मानिसको संख्या घट्दै गैरहेको सन्दर्भमा भाषाको संरक्षण गर्दै लोप हुन नदिने उद्देश्यले गजुरी गाउँपालिका, नेपाल चेपाङ संघ र Foundation Musee Barbier Mueller - Geneva को सहकार्यमा कार्यक्रम संचालनमा ल्याइएको हो ।

**आवासीय विद्यालय संचालनार्थ सम्भाव्यता अध्ययन सुरुः**

यस पालिका भित्र संचालित विद्यालयहरुमा विद्यार्थी संख्या न्यून हुदै गएकोले कतिपय विद्यालयहरु मर्ज गर्नुपर्ने तथा कतिपय विद्यालयमा कक्षा घटाउनुपर्ने अवस्थामा रहेको छ । निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षकको उपलब्धता पनि चुनौतीपूर्ण बन्दै गएको छ भने शिक्षक व्यवस्थापनलगायत अन्य शीर्षकमा पालिकाको आन्तरिक व्ययभार बढ्दै गएको छ, यसै सन्दर्भमा विद्यालयलाई औचित्य र आवश्यकताको आधारमा कक्षा १-

३, कक्षा १-५ मा डाउन गरी प्रत्येक वडामा १ ओटा पूर्ण आवासीय विद्यालय संचालन गर्न एक सामाजिक विकास समितिका संयोजन श्री देवराज ओझाको संयोजकत्वमा एक अध्ययन समिति गठन भएको छ । अध्ययन समितिले पालिकाको सबै वडामा सम्बधित वडाका जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावकलगायत अन्य सरोकारवाला व्यक्तिहरुसंग पहिलो चरणको छलफल तथा अन्तरक्रिया गरिसकेको छ । सरोकारवाला सबैसंग गहन छलफल तथा अन्तरक्रिया गरेर मात्र निष्कर्षमा पुग्ने गरी काम भैरहेको छ । वडाकेन्द्रित आवासिय सुविधासहितको विद्यालय संचालन गर्न सकिय विषयगत शिक्षकको उपलब्धता सुनिश्चित भइ शैक्षिक गुणस्तर अभिवृद्धि हुने, कमजोर आर्थिक अवस्था भएको कारण विद्यार्थीको कक्षा छाड्नेदरमा न्यूनीकरण हुने साथै शिक्षक व्यवस्थापनमा पालिकाको व्ययभार घट्ने विश्वास पालिकाले लिएको छ ।





## शिक्षा, युवा तथा खेलकुद शाखा

**विषयगत शैक्षिक सामग्री प्रदर्शनी मेलाः**

गजुरी गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखाको आयोजनामा मिति २०८० फागुन ९ गते पालिकास्तरीय माध्यमिक तह विषयगत शैक्षिक सामग्री प्रदर्शनी मेला आयोजना गरिएको थियो । मुख्यतय गणित, विज्ञान र सामाजिक विषयको शैक्षिक सामग्रीहरुको प्रतियोगितात्मक प्रदर्शनीमा पालिका भित्रका १० वटा सामुदायिक विद्यालय र १ वटा संस्थागत विद्यालय सहभागी भएको थियो । शैक्षिक सामाग्रीको प्रयोगबाट सरल र सहज तरिकाले सिक्न सकिने तथा सिकाइ प्रभावकारी, अर्थपूर्ण र चिरस्थायी हुने भएकोले कक्षाकोठामा शिक्षक विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्रीको प्रयोग बढाउन र विज्ञान, गणितको क्षेत्रमा नवपर्वतनात्मक क्षमताको विकास गर्ने उदेश्यले आयोजना गरिएको कार्यक्रममा विद्यार्थीहरुले स्थानीय रुपमा पाइने स्रोत साधनबाट शैक्षिक सामग्री निर्माण गरि प्रदर्शनीमा राखेका थिए । उक्त प्रदर्शनीमा प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यालय तथा विद्यार्थीलाई गाउँपालिकाको तर्फबाट प्रमाण पत्र तथा नगद पुरस्कार वितरण गरिएको थियो ।










**प्रारम्भिक अपाङ्गता पहिचान कार्यक्रमः**

पालिका भित्र रहेका ४० वटा सामुदायिक विद्यालय, ५ वटा बालविकास केन्द्र र १ वटा संस्थागत विद्यालयमा गरि ४६ वटा विद्यालयमा अध्ययनरत बाल कक्षा देखि कक्षा ३ सम्ममा विद्यार्थीहरुको प्रारम्भिक अपाङ्गता पहिचान कार्यक्रम सम्मन्न भएको थियो । उक्त कार्यक्रमको कार्यान्वयनको लागि १० जना विद्यालयका विद्यालय सहायक कर्मचारी र शिक्षा शाखाका कर्मचारीलाई परिचालन गरिएको थियो । जम्मा २६०० जना बालबालिकाको प्रारम्भिक अपाङ्गता परीक्षण गर्दा १४२ जना बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको पहिचान भएको छ भने पहिचान भएका बालबालिकाको स्वास्थ्य परीक्षण गराउन नजिकको अस्पतालमा रिफर गरिएको छ । अपाङ्गता पहिचान गरि त्यस्ता बालबालिकाको सिकाइमा सहजता ल्याउन सहयोगी सामग्रीहरुको व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम भएको हो ।








**स्तरमापन परीक्षा संचालन तथा आधारभूत शिक्षा परीक्षा संचालनः**

गजुरी गाउँपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुको सिकाइ स्तर पहिचान गर्ने र थप सिकाइ रणनीति तय गर्ने उद्देश्यले स्तरमापन परीक्षा संचालन गरिएको थियो । विद्यार्थीहरुलाई पायक पर्ने गरि १६ वटा विद्यालयलाई परीक्षा केन्द्र कायम गरि फरक फरक विद्यालयबाट केन्द्राध्यक्ष र निरिक्षकको समेत व्यवस्थापन गरि १०० पूर्णाङ्कको परीक्षा संचालन भएको थियो । हाल बाह्य परीक्षकबाट उत्तरपुस्तिका परीक्षणको क्रममा रहेकोले उक्त कार्य समाप्त भए पश्चात विद्यालयका प्र.अ, शिक्षा समितिका पदाधिकारी र अन्य सरोकारवाला बिच नतिजा विश्लेषण गर्ने र प्राप्त नतिजाको आधारमा विद्यालयलाई ग्रेडिङ गर्ने तथा उत्कृष्ट नतिजा हासिल गराउन सफल शिक्षक तथा विद्यार्थीलाई सम्मान कार्यक्रम गर्ने योजना रहेको छ ।






पालिकाले शैक्षिक सत्र २०८० मा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको बाह्य परीक्षा आधारभूत शिक्षा परीक्षा मिति २०८०/१२/२ देखि ९ गतेसम्म संचालन गरेको थियो । पालिका भर १७ वटा परीक्षा केन्द्र कायम गरि फरक फरक विद्यालयबाट केन्द्राध्यक्ष र निरिक्षकको परिचालन गरि व्यवस्थित, मर्यादित र भयरहित वातावरणमा परीक्षा संचालन गरिएको थियो । बाह्य परीक्षकबाट उत्तरपुस्तिका परीक्षण गरि नतिजा प्रकाशित गरिएको थियो ।

**प्रथम अध्यक्षकप खुला ब्याडमिन्टन प्रतियोगिताः**




गजुरी गाउँपालिकाको आयोजनामा मिति २०८० फागुन १० गतेदेखि १२ गतेसम्म प्रथम गजुरी गाउँपालिका अध्यक्षकप ब्याडमिन्टन प्रतियोगिता आयोजना भएको थियो । प्रतियोगितामा देशभरका ७१ टिमका खेलाडीहरूको सहभागिता रहेको थियो । राष्ट्रिय पुरुष युगल, राष्ट्रिय ४५ प्लस भेट्रान पुरुष युगल, जिल्ला स्तरीय पुरुष युगल B र जिल्ला स्तरीय पुरुष युगल C गरि चार विधामा प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगिताको चार विधामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडीहरुलाई नगद पुरस्कार, प्रमाणपत्र र शिल्ड प्रदान गरिएको थियो । प्रथम अध्यक्षकप खुला ब्याडमिन्टन प्रतियोगिता जिल्लामै पहिलो र धेरै पुरस्कार राशीको रहेको थियो ।

**खेलाडी सम्मान कार्यक्रमः**

गजुरी गाउँपालिकाले स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी भई विभिन्न पदक हासिल गर्ने खेलाडीहरुलाई नगद पुरस्कारसहित सम्मान कार्यक्रम गर्दै आइरहेको छ । १३ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस पालिकाले २३ पदक सहित तृतीय स्थान हासिल गरेको थियो । प्रतियोगितामा स्वर्ण पदक, रजत पदक र कास्य पदक हासिल गर्ने विद्यार्थीहरुलाई क्रमश रु. ५०००, रु. ३००० र रु. २००० नगद पुरस्कारसहित सम्मान गरेको थियो ।






बेनीघाट रोराङ गाउँपालिकाको मझिमटारमा आयोजित प्रथम अन्जन स्मृति कप फुटबल प्रतियोगितामा पालिकाको तर्फबाट सहभागी खेलाडीले द्वितीय स्थान हासिल गर्न सफल भएको थियो । सहभागी खेलाडी टिमलाई पालिकाले नगद रु. ६६,६६६ पुरस्कार सहित सम्मान गरेको थियो ।






डिसेम्बर १-३ सम्म भारतमा आयोजित 3rd India 0pen International Taekwondo Championship 2023 मा यस पालिकाको तर्फबाट सहभागी भई रजत र काश्य पदक हासिल गर्ने विद्यार्थीहरु मन्जिल ढुंगाना र ऋतिक भुजेललाई पालिकाले नगदसहित सम्मान गरेको थियो । त्यसै गरी प्रथम द साउथ एसियन खुला तेक्वान्दो प्रतियोगीता २०२३ मा नेपालकै प्रतिनिधित्व गर्दै श्रीलंकामा आयोजित प्रतियोगितामा सहभागी भइ स्वर्ण पदक हासिल गर्ने गजुरी गाउँपालिका वडा न. ७ निवासी उज्वल श्रेष्ठलाई पालिकाले नगदसहित सम्मान गरेको थियो । त्यसैगरी विविध प्रतियोगितामा सहभागी भइ पदक हासिल गर्ने खेलाडीलाई पालिकाले सम्मान गर्ने गरेको छ ।

**छात्रवृत्ति वितरण कार्यक्रमः**

गजुरी गाउँपालिकामा प्राविधिक जनशक्ति उत्पादन गरि कृषिलाई व्यवसायीकरण गर्ने र व्यक्तिलाई स्वरोजगार बनाउने तथा प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण गराउने उद्देश्यले गजुरी गाउँपालिका स्थायी ठेगाना भई धादिङ बहुप्राविधिक शिक्षालयमा कृषि र पशु विषयमा ३ बर्षे डिप्लोमा पढ्ने सम्पूर्ण विद्यार्थीको लागि निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाएको छ । ३ बर्षे डिप्लोमा अध्ययनरत ५७ जना विद्यार्थीहरुको छात्रवृतिको लागि यसै आ.व. मा रु. ९,८०,००० धादिङ बहुप्राविधिक शिक्षालयलाई एकमुष्ठ हस्तान्तरण समेत गरिसकेको छ ।





**चेपाङ किशोरी छात्रावास संचालन तथा व्यवस्थापनः**




आर्थिक अवस्था कमजोर भएका, जेहेन्दार चेपाङ किशोरीहरुको लागि पालिकाले गजुरी गाउँपालिका वडा न. १ मा आवासिय चेपाङ किशोरी छात्रावास संचालन गरेको छ। धरायसी कमजोर आर्थिक अवस्थाको कारण बिचैमा कक्षा छाड्ने दरमा न्यूनीकरण गर्ने र चेपाङ समुदायको सशक्तिकरण गर्ने उदेश्यले संचालित यस छात्रावासमा हाल ३० जना विद्यार्थीहरु निःशुल्क रुपमा बसी बिभिन्न तहमा अध्ययन गरीरहेका छन्। छात्रावास संचालन तथा व्यवस्थापनको सम्पूर्ण खर्च पालिकाले व्यवस्थापन गरेको छ ।

## स्वास्थ्य शाखा

**प्रसुती सेवा आरम्भः**

गजुरी गाउँपालिका वडा नं. ४ स्थित पाखुरे आधारभुत स्वास्थ्य सेवा केन्द्र, पाखुरेमा अन्य स्वास्थ्य सेवा सँगै प्रसुती सेवा आरम्भ भएको छ । सेवा आरम्भ भए सँगै दक्ष प्रसुतीकर्मीबाट गुणस्तरीय प्रसुती सेवा प्रदान हुनुका साथै घरैमा सुत्केरी हुँदा हुन सक्ने जोखिमबाट सुत्केरी महिलाहरु मुक्त भएका छन् । गजुरी गाउँपालिकाको घरमा शुन्य प्रसुती अवधारणा सफलोन्मुख भएको छ । गजुरी गाउँपालिकाको प्रसुती सेवाका लागि निःशुल्क एम्बुलेन्समा हुने आर्थिक भार पनि कम भएको छ । सेवा प्रारम्भ भएको ७ महिनामा १९ जना सेवाग्राहीले यो सेवा प्राप्त गरेका छन् ।





**पोषण उपचार सेवा केन्द्र विस्तार**

गजुरी गाउँपालिका भित्र एक संस्थामा मात्र कुपोषण उपचार केन्द्र गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा रहेकोमा स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै पिंडा स्वास्थ्य चौकीमा समेत सो सेवालाई विस्तार गरिएको छ । यस बाट ५ वर्ष मुनिका बालबालिकाहरु तथा सुत्केरी र गर्भवती महिलाहरुमा कुपोषण सम्बन्धी उपचार परामर्श प्रेषण जस्ता सेवाहरुको पहुंचमा वृद्धि भई लाभान्वित भएको छ ।






**आँखा शिविर संचालनः**

गजुरी गाउँपालिका भरी सम्पूर्ण वडाहरुको ११ स्थानमा मोतिविन्दु छनोट आँखा शिविर तथा गजुरीमा २ दिने मोतिविन्दु निःशुल्क शल्यक्रिया सहितको वृहत आँखा शिविर सम्पन्न गरिएको छ जसबाट करिब ११०० जनाले निःशुल्क आँखा परीक्षण साथै ६२ जनाले निःशुल्क खाना आवास प्रयोगशाला परीक्षण सहित मोतिविन्दुको सफल शल्यक्रिया सेवा प्राप्त गरेको छ । यसबाट विशेष गरि ज्येष्ठ नागरिकहरु जो मोतिविन्दुका कारण हुने दृष्टि सम्बन्धी समस्याहरुबाट मुक्त भएका छन् ।






**सेवा विस्तारः**




किरान्चोक स्वास्थ्य चौकी र पिंडा स्वास्थ्य चौकीमा निःशुल्क सुरक्षित गर्भपतन सेवा सुचारु संगै सबै स्वास्थ्य संस्थाहरु परिवार नियोजनका ५ अस्थायी साधनहरु उपलब्ध हुने संस्थाको रुपमा सूचिकृत भएका छन् । साथै निजी सरकारी सहकार्यको अवधारणा अनुरूप यो सेवा मलेखु टिचीङ अस्पतालमा पनि विस्तार गरिएको छ ।

**सेवा व्यवस्थापन सम्बन्धी छलफलः**



मिति २०८१ वैशाख ३१ गते गजुरी प्राथमिक स्वास्थ्य केन्द्रको बैठक हलमा स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम भएको छ । गजुरी गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा नं १ का वडा अध्यक्ष सहितका जनप्रतिनिधिहरू, स्वास्थ्य शाखा प्रमुख र प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत लगायतका कर्मचारीहरू बिच गजुरी प्रा.स्वा.के. को हालको स्वास्थ्य सेवा सम्बन्धी छलफल भई स्वास्थ्य सेवाको स्तरोन्नती र व्यवस्थापन सम्बन्धी बैठक भएको छ ।

## आर्युवेद शाखा

**दैनिक बिरामी सेवा कार्यक्रमः**

सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानको बिरामी परीक्षण तथा औषधी वितरण सेवा कार्यक्रम अन्तर्गत नियमित रूपमा सेवा लिन आएका सेवाग्राहीहरूलाई औषधी वितरण तथा स्टिम थेरापी संचालन गरी सेवा प्रदान गरिएको छ । स्नेहन स्वेदन कार्यक्रममा विशेषत वातव्याधिका बिरामी, शोथ, दम, पिनास आदि रोगका लागि औषधि खरिद सेवा प्रदान गरिएको छ ।





### स्तनपायी सुत्केरी आमा र ज्येष्ठ नागरिकका लागि औषधी वितरणः

आयुर्वेद शाखाले स्तनपायी सुत्केरी आमाहरूका लागि दुग्धवर्धक औषधीहरू खरिद गरेर गजुरी अस्पतालसँग समन्वय गरी सुत्केरी आमा र शिशुहरूमा देखा पर्न सक्ने विभिन्न रोग विरूद्धको क्षमता अभिवृद्धि सम्बन्धी सेवाहरू प्रदान गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिकहरूका लागि रोग प्रतिरोधी क्षमता प्रदान गर्न सक्ने विभिन्न रसायन औषधीहरू खरिद गरी आवश्यक सेवा प्रदान गरिएको छ ।

## कृषि शाखा

### खुम्रे किरा व्यवस्थापन कार्यक्रमः




गजुरी गाउँपालिकाको आर्थिक सहयोग, कृषि शाखाको प्राविधिक सहयोग र फियान नेपालको सहकार्यमा "बाँच्न पाउँने अधिकारको आधारः खाद्य अधिकार" पुराक्सिङ खाद्य अधिकार प्रभावित समूहको पैरवी योजना तर्जुमा तथा सवाल हस्तान्तरण र लाईट ट्र्याप कार्यक्रमको उद्घाटन गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठज्यूले गर्नुभयो । गाउँपालिकाका उपाध्यक्ष शर्मिला बिसुराल ज्यू, गजुरी २ का वडा अध्यक्ष द्रोण कडेल ज्यू, गजुरी ३ का वडा अध्यक्ष ऋषिलाल श्रेष्ठ ज्यू, गजुरी ७ का वडा अध्यक्ष बद्री प्रसाद जम्कटेल ज्यू, कृषि शाखाका प्राविधिक अशोक श्रेष्ठ ज्यू, पशु सेवा शाखाका सन्देश श्रेष्ठ ज्यू, समाजसेवी चेलिमाया तामाङ ज्यू र फियान नेपालका राजेन्द्र बस्नेत ज्यू लगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो ।

### किसान सूचिकरण कार्यक्रम




सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत किसान सूचिकरण कार्यक्रम सम्पन्न भएको छ । किसानको पहिचान र वर्गिकरण गरि सरकारी तवरबाट किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न वडा नं ३, ४, ७ र ८ का १८०० घर परिवार कृषकहरूको आवश्यक विवरणहरू विद्युतीय प्रणाली मार्फत सङ्कलन गर्ने कार्य भएको छ ।

## मौरी घार वितरण




चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आधुनिक मौरीको घार (सेरेना जातको) ७५% र मौरी टोपी, कुइन गेट ८५% अनुदानमा सबै वडाका १६१ घरधुरी मौरीपालक कृषकहरूलाई वितरण गरियो । साथै २५ जना कृषकहरूलाई मौरी पालन तालिम प्रदान गरियो । एक वडा एक पकेट कार्यक्रम अन्तर्गत वडा नं ३ का मौरी पालक कृषकहरूलाई ४८ वटा घार वितरण गरियो ।

# पशु सेवा शाखा

## हरियो घाँस विस्तार कार्यक्रमः

सशर्त तर्फको वार्षिक स्वीकृत यस कार्यक्रम अन्तर्गत व्यवसायिक रूपमा घाँसखेति गरिरहेका तथा व्यवसायिक पशुपालक किसानहरू लक्षित विभिन्न समूह/सहकारी फार्महरु छनौट गरी बजेट रू. ८ लाख मात्रको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिएको छ।







*तस्बिरः उक्त कार्यक्रमको प्रस्ताव छनौटको लागि स्थलगत प्रमाणिकरण तथा निरिक्षण गर्नुहुँदै अनुगमन टोलीका सदस्यहरु*

**महामारी खोप नियन्त्रण, खोप कार्यक्रम तथा अन्य आउट ब्रेक इन्भेस्टिकेशन तथा रिपोर्टिङः**

लम्पि स्किन रोग विरुद्धको खोप अभियान कार्यक्रम तथा अन्य आउट ब्रेक इन्भेस्टिकेशन तथा रिपोर्टिङ








*तस्बिरः खोप कार्यक्रम र रोग नियन्त्रणका प्रयासहरु*

**बाख्राहरुमा महामारीको रुपमा फैलन सक्ने पि.पि.आर रोग नियन्त्रण तथा रोकथामको लागि गरिएको पिपिआर खोप अभियान कार्यक्रमः**







*तस्बिरः पिपिआर खोप अभियान कार्यक्रम अन्तर्गत गाउँटोलका विभिन्न खोपकेन्द्रमा पशु सेवा शाखाका प्राविधिक तथा खोपकर्ताहरु खोप कार्यमा संलग्न हुनुहुँदै।*

## पञ्जीकरण शाखा

**सामाजिक सुरक्षा भत्ता वितरणः**

गजुरी गाउँपालिका कार्यालयमा आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिकबाट विद्युतीय माध्यम (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सुरू गरिएको छ । यस कार्यालयमा आ.व. २०८०/०८१ को सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको संख्यात्मक विवरण तपसिल बमोजिम रहेको छ ।

| क्र. सं. | सामाजिक सुरक्षा भत्ताको शिर्षक | लाभग्राही संख्या | मासिक दर |
|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १८०५ | ४००० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १३० | २६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १२८ | २६६० |
| ४ | विधवा (आर्थिक सहायता) | ३०० | २६६० |
| ५ | क वर्ग | १०१ | ३९९० |
| ६ | ख वर्ग (आर्थिक सहायता) | १४६ | २१२८ |
| ७ | दलित बालबालिका | २५५ | ५३२ |
| | **जम्मा संख्या** | २७९६ | |

**अनलाइन घटना दर्ताः**

यस गजुरी गाउँपालिका वडा नं. १ देखि वडा नं. ८ सम्म भएका अनलाइन व्यक्तिगत घटना दर्ताहरू तपसिल बमोजिमका रहेका छन् ।

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाईसरी आएको | | बसाईसरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ३८ | २६ | ६४ | १२ | ११ | २३ | १ | २६ | २ | ५ | ७ | २२ | १३२ |
| २ | ३८ | ३२ | ७० | ६ | ४ | १० | २ | २० | ११ | २६ | ६ | १७ | ११९ |
| ३ | ४१ | ४२ | ८३ | ८ | ५ | १३ | ० | १८ | ० | ० | ९ | २७ | १२३ |
| ४ | ४२ | ४५ | ८७ | १६ | ६ | २२ | ३ | २२ | ० | ० | ७ | ४३ | १४१ |
| ५ | ३३ | २६ | ५९ | ६ | ९ | १५ | ४ | २० | २ | १७ | ४ | १५ | १०४ |
| ६ | ३४ | १९ | ५३ | ९ | १३ | २२ | १ | ३१ | ६ | २० | ४ | १३ | ११७ |
| ७ | १७ | २० | ३७ | ७ | १० | १७ | २ | २१ | ० | ० | ६ | १३ | ८३ |
| ८ | ५२ | ५८ | ११० | १४ | ७ | २१ | ६ | ४५ | १ | १ | ६ | १३ | १८९ |
| **जम्मा** | २९५ | २६८ | ५६३ | ७८ | ६५ | १४३ | १९ | २०३ | २२ | ६९ | ४९ | १६३ | ९९९ |




गजुरी गाउँपालिकाले आ.व. २०८०/०८१ को हरेक त्रैमासिकमा भत्ता वितरण गर्न बैंकहरु संग सम्झौता गरी टोल टोलमा गई भत्ता वितरण गर्दै आएको छ । वडा नं. १,३,७,८ राष्ट्रिय वाणिज्य बैंक, वडा नं.२ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, मलेखु, वडा नं.४ कृषि विकास बैंक र वडा नं. ५ नविल बैंक द्वारा भत्ता वितरण गर्दै आएको छ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत यस गजुरी गाउँपालिकाको लागि न्यूनतम १०० दिनको रोजगारीमा ८० जना छनोटमा पर्नुभएको थियो । छनोटमा पर्नुभएका श्रमिकहरूले गजुरी गाउँपालिकाबाट प्रदान गरेको हाते औजार, सुरक्षा सामाग्री तथा निर्माण सामाग्रीहरूको प्रयोग गरि गोरेटो बाटो मर्मत, खानेपानी टयाङ्कीको निर्माण, कुलो निर्माण तथा विद्यालय जाने गोरेटो बाटो मर्मत तथा निर्माण गरे । चालु आ.व. मा हालसम्ममा वैदेशिक रोजगारमा जानेहरू ८ जनालाई पूनः श्रम स्वीकृति र श्रम स्वीकृति दिइएको छ ।

# आर्थिक प्रशासन शाखा

**आय तर्फको विवरणः**

**संघीय सरकारबाट प्राप्त हुने आय तर्फको विवरणः**

| सि नं | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १३,७६,००,०००.०० | १०,१९,७५,३६०.०० | ३,५६,२४,६४०.०० |
| २ | सशर्त अनुदान चालु | १८,७१,१०,०००.०० | १८,६४,१८,०००.०० | ६,९२,०००.०० |
| ३ | सशर्त अनुदान पुँजीगत | १०,००,०००.०० | १०,००,०००.०० | ३,३०,०००.०० |
| ४ | विशेष अनुदान पुँजीगत | २,१५,००,०००.०० | ७०,६०,००० | १,४४,४०,०००.०० |
| ५ | समपूरक अनुदान पुँजीगत | ७५,००,०००.०० | ४६,९८,९००.०० | २८,०१,१००.०० |
| | **जम्मा** | **३५,४७,१०,०००।-** | **३०,११,५२,२६०।-** | **५,३५,५७,७४०।-** |

**प्रदेश सरकारबाट प्राप्त हुने आय तर्फको विवरणः**

| सि नं | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १,४९,६२,०००.०० | १,१२,२१,५००.०० | ३७,४०,५००.०० |
| २ | सशर्त अनुदान चालु | १,२७,५४,०००.०० | ९५,६५,५००.०० | ३१,८८,५००.०० |
| ३ | सशर्त अनुदान पुँजीगत | ४५,००,०००.०० | ३३,७५,०००.०० | ११,२५,०००.०० |
| ४ | विशेष अनुदान चालु | १,००,००,०००.०० | ७५,००,०००.०० | २५,००,०००.०० |
| ५ | समपूरक अनुदान पुँजीगत | २,००,००,०००.०० | १,५०,००,०००.०० | ५०,००,०००.०० |
| | **जम्मा** | **६,२२,१६,०००।-** | **४,६६,६२,०००।-** | **१,५५,५४,०००।-** |

**राजश्व बाँडफाँडबाट प्राप्त हुने आय तर्फको विवरणः**

| सि.नं. | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | संघीय सरकार - राजश्व बाँडफाँड | ९,५७,६१,४००.०० | ४,६४,१३,६३७.९८ | ४,९३,४७,७६२.०२ |
| २ | प्रदेश सरकार - राजश्व बाँडफाँड | १,९०,०२,०००.०० | १,३३,२५,५७२.७४ | ५६,७६,४२७.२६ |
| ३ | स्थानीय - राजश्व बाँडफाँड | ५,२३,००,०००.०० | १,९१,३४,०३०.०० | ३,३१,६५,९७०.०० |
| | **जम्मा** | **१६,७०,६३,४००.००।-** | **७,८८,७३,२४०.७२।-** | **८,८१,९०,१५९.२८।-** |

**आन्तरिक श्रोतबाट प्राप्त हुने आय तर्फको विवरणः**

| सि.नं. | स्रोत | जम्मा प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | आन्तरिक श्रोत | ६,३३,७८,६००.०० | ४,७०,९४,२५४.६२ | १,६२,८४,३४५.३८ |

**व्यय तर्फको विवरणः**

| सि.नं. | शीर्षकहरू | वार्षिक बजेट रकम | खर्च रकम | मौज्दात |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ४५,४८,५२,०००.०० | २९,७६,४७,६१५.७९ | १५,७२,०४,३८४.२१ |
| २ | पूँजीगत तर्फ | १९,२५,१६,०००.०० | ८,३९,७०,९२२.०० | १०,८५,४५,०७८.०० |
| | कूल जम्मा | ६४,७३,६८,०००.००।- | ३८,१६,१८,५३७.७९।- | २६,५७,४९,४६२.२१।- |

## पूर्वाधार विकास शाखा

**चालु आ.व. मा उपभोक्ता समिति मार्फत सम्पन्न भएका हालसम्मका योजनाहरूः**

| सि.नं. | योजनाको नाम | वार्ड नं |
|---|---|---|
| १ | पिचसडक देखि पतालिनी आ.बि जाने बाटो स्तरोन्नती | १ |
| २ | जिबनज्योती बालबिकास केन्द्र निर्माण | १ |
| ३ | आदमारा चौतारा- गलौदी जाने गोरेटो बाटो निर्माण उस | १ |
| ४ | आलेगाउँ मड्किला सडक निर्माण उस | १ |
| ५ | उप्रेतीगाउँ कुमालखोल्सि सडक निर्मान उस | १ |
| ६ | केराघारी पञ्चकन्या सडक निर्माण उस | १ |
| ७ | बतौंला डाँडा चनौटे सडक निर्माण उस | १ |
| ८ | बिसुन्के टोल गोरेटो बाटो निर्माण उज्यालो गाउँ उस | १ |
| ९ | भदौरे दलित बस्ती गोरेटो बाटो | १ |
| १० | मुनाल अगाडी बरुवालटोल सडक निर्माण उस | १ |
| ११ | सडक सरसफाई वडा नं १ उस | १ |
| १२ | सुन्दरगाउँ सडक स्तरोन्नती | १ |
| १३ | सुँवारा सिस्ने धोबिखोला सडक स्तरोन्नती उस | १ |
| १४ | सोतिखोला बरेछाप मड्किला सडक निर्माण उस | १ |
| १५ | धारापानी अमिनिचौर सिंचाई उस | १ |
| १६ | बाङ्गी सिचाँई उस | १ |
| १७ | कुखुरे धारा मर्मत उस | १ |
| १८ | दारे चौतारा हाङगेटार सडक स्तरोन्नती उस | १ |
| १९ | नयाँबारी प्रतिक्षालय निर्माण उस | १ |
| २० | मड्किला चौतारो निर्माण उस | १ |
| २१ | विमिरे खोल्सी खानेपानी मर्मत सुधार | १ |
| २२ | बतौंला डाँडा चनौटे सडक निर्माण | १ |
| २३ | कच्चि सडक सफा साबिक गजुरी २ | २ |
| २४ | कच्चि सडक सफा साबिक गजुरी ४ | २ |
| २५ | कच्चि सडक सफा साबिक गजुरी ८ | २ |
| २६ | चालिसे कटुवा खोला कुलो मर्मत उस | २ |

| | | |
|---|---|---|
| २७ | सामुदायिक भवन निर्माण ज्यामिरे भञ्याङ उस | ३ |
| २८ | पुरासिंङ आमा समुह भवन निर्माण उस | ३ |
| २९ | ग्याङराङ चिलाउने खर्क सडक स्तरोन्नती उस | ३ |
| ३० | मंकाल्नी मन्दिर बाटो निर्माण भलायोखर्क उस | ३ |
| ३१ | सडक सरसपाई वडा नं ३ उस | ३ |
| ३२ | चिउरी भञ्याङ कुलो मर्मत उस | ३ |
| ३३ | रातमाटे कुलो मर्मत | ३ |
| ३४ | ढाडखोला बस्नेत गाउँ खानेपानी निर्माण उस | ३ |
| ३५ | पाँचकन्या मन्दिर तार्के निर्माण उस | ३ |
| ३६ | नारा पधेरा मन्दिर निर्माण उस सानो भञ्ज्याङ | ३ |
| ३७ | सारबिस र गहुंखोला खेलमैदान निर्माण | ४ |
| ३८ | तामाङ समाजघर निर्माण उस | ४ |
| ३९ | भिरकटेरी चर्च भवन निर्माण उस | ४ |
| ४० | गुरुगाउँ नेवारवास छेक्रे सडक स्तरोन्नती उस | ४ |
| ४१ | चिसापानी बागेश्वरी सडक निर्माण उस | ४ |
| ४२ | जुनतारा प्याखु सडक निर्माण उस | ४ |
| ४३ | बाटो सरसफाई वडा नं ४ उस | ४ |
| ४४ | भुमीढुङ्गा गलानटार सडक निर्मान उस | ४ |
| ४५ | कर्म छोईलिङ गुम्बा निर्माण उस | ४ |
| ४६ | भष्मेखर्क ठाँटी निर्माण उस | ४ |
| ४७ | भिरकटेरी चर्च भवन निर्माण उस | ४ |
| ४८ | च्यानडाँडा जाने बाटो च्यान निर्माण र ट्रष्ट गलौदी | ५ |
| ४९ | गलौदीखोला कृषक समुह भवन संरक्षण उस | ५ |
| ५० | कच्चि सडक मर्मत तथा सरसपाई वडा नं ५ | ५ |
| ५१ | घाटबेसी मरणघाट जाने बाटो निर्माण | ५ |
| ५२ | छबिसे उप्रेतीगाउँ सडक स्तरोन्नती उस | ५ |
| ५३ | देउराली दलित बस्ती सालचौतारा सडक निर्माण उस | ५ |
| ५४ | बाँङ्गे राईगाउँ गोरेटो बाटो निर्माण | ५ |
| ५५ | कान्ले बाह्रघरे सिंचाई कुलो निर्माण उस | ५ |
| ५६ | चनौटे सिजेल सिंचाई कुलो मर्मत | ५ |
| ५७ | सयमुरे सिंचाई कुलो निर्माण उस | ५ |
| ५८ | ढोडेनी खानेपानी मर्मत संभार | ५ |
| ५९ | पिडा ढुङगे पधेरो संरक्षण | ५ |
| ६० | महादेब खोल्सी खानेपानी धारा निर्माण | ५ |
| ६१ | भिमसेन स्थान चौतारा मर्मत | ५ |
| ६२ | डा ेलभञ्ज्याङ मा.वि | ५ |
| ६३ | गजुरी पिडा मा.वि. खेल मैदान | ५ |
| ६४ | स्यामैडाडा मण्डलि चर्च वडा नं ६ निर्मान उस | ६ |

| | | |
|---|---|---|
| ६५ | रिमलटार महिला भवन मर्मत तथा फर्निचर खरिद उस | ६ |
| ६६ | आदमघाट झोलुङगेपुल जाने बाटो ढलान | ६ |
| ६७ | उपल्लोटार चिलडाडा गोरेटो बाटो निर्मान उस | ६ |
| ६८ | बिसौना मसिने सडक निर्माण उस | ६ |
| ६९ | रिखिटार चिउरी घाजर सडक निर्माण उस | ६ |
| ७० | वडाका शाखा सडक सरसफाई उस | ६ |
| ७१ | गाउजे खोल्चा सुवेदी गड्वाल सिंचाई उस | ६ |
| ७२ | आदमघाट पधेरो कुवा मर्मत उस | ६ |
| ७३ | चाँयापानी खानेपानि मर्मत उस | ६ |
| ७४ | स्यामैडाँडा ठुलो पधेरो मर्मत | ६ |
| ७५ | बालकुमारी मन्दिर स्यामैडाडा निर्माण उस | ६ |
| ७६ | भल्टार राधाकृष्ण मन्दिर निर्माण उस | ६ |
| ७७ | भष्मेखोला चर्च भवन निर्माण उस | ६ |
| ७८ | केदारेश्वर खेलमैदान उस | ६ |
| ७९ | जुनतारा आ.बि मर्मत उस | ७ |
| ८० | जैसिटार खोल्सी गह्रापारे तल्लो धुलिभञ्ज्याङ सडक निर्माण उस | ७ |
| ८१ | किराञ्चोक कटुञ्जे मा.वि लाई बिद्यालय ब्यबस्थापन | ७ |
| ८२ | खोले खोल्सी गणेस्थान गोरेटो बाटो निर्माण उस | ७ |
| ८३ | च्यानडाँडा हुदै टिमुरडाँडा घट्टेखोला सडक निर्माण उस | ७ |
| ८४ | देउराली चपरे ठुलोचौर भोलेगौडा सडक उस | ७ |
| ८५ | धुलीभञ्ज्याङ कर्मिटोल सडक निर्माण उस | ७ |
| ८६ | पुछारटोल तल्लो पेटारे सडक निर्माण उस | ७ |
| ८७ | पात्ले ढुङ्गेचौर सडक नयाँ ट्र्याक उस | ७ |
| ८८ | पोखरि डाँडा देबी सप्तकन्या मन्दिर जोड्ने नयाँ ट्र्याक | ७ |
| ८९ | बिर्ता रक्तकाली राङ्खाई भालुखोप सडक निर्माण उस | ७ |
| ९० | भष्मेखर्क भण्डारखर्क बरभञ्याङ सडक नयाँ ट्र्याक उस | ७ |
| ९१ | भष्मेखर्क खरखोला आहालभञ्याङ सडक नयाँ ट्र्याक उस | ७ |
| ९२ | शाखा सडकहरुको सरसफाई वडा नं ७ उस | ७ |
| ९३ | सम्टारी गणेस्थान गोरेटो बाटो निर्माण | ७ |
| ९४ | साउने खोल्सी तारुके गाउँ आँएटारी सडक नयाँट्र्याक | ७ |
| ९५ | खानीखोला माथिल्लो आरुबोटे सिंचाई निर्माण उस | ७ |
| ९६ | चापेखेत कुलो मर्मत उस | ७ |
| ९७ | कुपिण्डे खानेपानी मुहान मर्मत उस | ७ |
| ९८ | ढकाल खोल्सी बेलबोटे खानेपानी निर्माण उस | ७ |
| ९९ | खानेपानी धारा प्रतिक्षालय निर्माण राङ्खाई उस | ७ |
| १०० | साङ्घोष चौतारो निर्माण | ७ |
| १०१ | खोले खोल्सा नियन्त्रण उस | ७ |
| १०२ | जल्पा देवि मन्दिर निर्माण | ७ |

| | | |
|---|---|---|
| १०३ | तिलार खोल्सी बाँध तथा कुलो मर्मत | ७ |
| १०४ | प्रोटेक्सन वाल निर्माण | ७ |
| १०५ | मेधावी साना किसान कृषि सहकारी संस्था व्यवस्थापज अनुदान | ७ |
| १०६ | मेधावी साना किसान कृषि सहकारी संस्था लि | ७ |
| १०७ | सिरानचौर भुस्काँडे सल्ले सडक स्तरोन्नती | ८ |
| १०८ | सिउडेनी खानेपानी गतको दायित्व | ८ |
| १०९ | छेडा आमा समुह भवन निर्माण उस | ८ |
| ११० | कौसरी गैरी सिद्द महादेब सडक निर्माण उस | ८ |
| १११ | खानी गाउँ देउरालि सडक निर्माण उस | ८ |
| ११२ | तिनघरे ठुलो टोल गोरेटो बाटो निर्माण उस | ८ |
| ११३ | थुम्किडाडा घट्टेखोला सडक निर्माण उस | ८ |
| ११४ | दोभानखर्क ठुलो बाङ्गे सडक निर्माण उस | ८ |
| ११५ | बुढीसेरा ताम्सालिङ सडक निर्माण उस | ८ |
| ११६ | मजुवाटोल सडक निर्माण उस | ८ |
| ११७ | वडा भित्रका सडक सरसफाई वडा नं ८ | ८ |
| ११८ | सेरडाँडा चौतरा सडक निर्माण उस | ८ |
| ११९ | सल्ले भुमेखोला सडक निर्माण उस | ८ |
| १२० | दुलालटार कुलो निर्माण | ८ |
| १२१ | बडरे टारखेत कुलो निर्माण उस | ८ |
| १२२ | ग्याल्गुने वालकन्या मन्दिर निर्माण उस | ८ |
| १२३ | चम्पा कालिका मन्दिर निर्माण उस | ८ |
| १२४ | नारायण मन्दिर निर्माण उस | ८ |
| १२५ | बडरे सडक निर्माण | ८ |

**चालु आ.व. मा ठेक्का प्रक्रिया मार्फत संचालित हालसम्मका योजनाहरू:**

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | लप्से साङ्कोष वडा कार्यालय चिउरी भन्ज्याङ भदौरे भस्मेखर्क भालुखोप पेटारे सडक | सम्पन्न |
| २. | धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती | निर्माणाधीन |
| ३. | पोखरेखोला भस्मे जरेबगैंचा सडक स्तरोन्नती | निर्माणाधीन |
| ४. | धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती गजुरी १ र ५ | सम्पन्न |
| ५. | पिण्डेश्वरी मा.वि. भवन निर्माण | सम्पन्न |
| ६. | सानो बाङ्गे ठुलो बाङ्गे खानेपानी आयोजना | सम्पन्न |
| ७. | आदर्श मा.वि. भवन निर्माण | निर्माणाधीन |
| ८. | मरणघाट निर्माण | निर्माणाधीन |
| ९. | दमकल खरिद | प्रकृयामा रहेको |
| १०. | जरे रिमालटार पुकुन सडक मर्मत | निर्माणाधीन |

| | | |
|---|---|---|
| ११. | मुलाखर्क दलित वस्ती खानेपानी एक घर एक धारा गजुरी ५ | निर्माणाधीन |
| १२. | त्रिशुली नदी बाङ्गे राईगाउँ लिफ्टिङ सिँचाई आयोजना गजुरी ५ | निर्माणाधीन |
| १३. | वडा कार्यालयको प्रोटेक्सन वाल निर्माण वडा नं ३ | मूल्याङ्कन प्रक्रियामा रहेको |
| १४. | साडीखोला मानेभञ्ज्याङ चामभञ्ज्याङ सडक स्तरोन्नति वडा नं ५ | मूल्याङ्कन प्रक्रियामा रहेको |
| १५. | तेर्सेपानी खोर्सुभञ्ज्याङ सडक स्तरोन्नति वडा नं ३ | मूल्याङ्कन प्रक्रियामा रहेको |

**आ.व. २०८०/०८१ को आयोजनाहरूको प्रगति विवरणः**

| योजना | वडास्तरीय | पालिकास्तरीय | जम्मा योजना संख्या | सम्पन्न भएका योजना संख्या | क्रमागत योजना संख्या |
|---|---|---|---|---|---|
| ५० लाखभन्दा माथि | | ८ | ८ | ४ | ४ |
| १०-५० लाखसम्म | | १५ | १५ | १० | ५ |
| ५-१० लाखसम्म | ११ | २ | १३ | १० | ६ |
| १-५ लाखसम्म | १०८ | ८ | ११५ | १०८ | ४ |
| १ लाखभन्दा कम | ४४ | | ४४ | ४० | ४ |
| **जम्मा** | १५३ | ३२ | १९५ | १६२ | २३ |

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

गजुरी गाउँपालिकाको महिला तथा बालबालिका शाखाबाट विभिन्न मितिमा संचालन गरिएका केही प्रमुख गतिविधिहरू निम्नानुसार रहेका छन् ।

- महिला सचेतना कार्यक्रम अन्तर्गत सबै वडामा लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान संचालन
- सुत्केरी, गर्भवती महिलाहरूलाई हाईजेनिक किट वितरणः ७५ जनालाई
- बाल विवाह अन्त्यको लागि समुदाय परिचालन र किशोर-किशोरी जीवन उपयोगी सिप तालिम
- ज्येष्ठ नागरिकहरूको लागि न्यानो झोला वितरण कार्यक्रमः २५० जनालाई
- अभिभावक विहीन बालबालिकाहरूको लागि विद्यालय पोसाक वितरण






# न्यायिक समिति

नेपालको संविधानको धारा २१७ मा गाउँपालिका स्तरमा विवाद निरुपण गर्न एक न्यायिक समिति रहने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (१) र (२) अन्तर्गतका विवाद न्यायिक समितिबाट निरुपण गर्ने अधिकार समितिलाई रहेको छ। उल्लेखित आ.व. २०८०/०८१ को श्रावण देखी बैशाखसम्म परेका निवेदन तथा उजुरीहरुको न्याय सम्पादन विवरण देहाय बंमोजिम रहेको छ।

(१) निरुपण गर्ने प्रकृतिका विवादहरु (मेलमिलाप नभएमा न्यायिक समितिबाट निर्णय / फैसलाहुने) :

| क्र.सं. | मुद्दाको विवरण | २०८०/०८१ को प्राप्त निवेदन संख्या | फच्यौंट | बाँकी |
|---|---|---|---|---|
| क | आलीधुर, बाँध पैनी,कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग | ३ | १ | २ |
| ख | अर्काको वाली नोक्सानी गरेको | ० | ० | ० |
| ग | चरन घाँस दाउरा | ० | ० | ० |
| घ | ज्याला मजुरी नदिएको | ० | ० | ० |
| ङ | घरपालुवा पशुपंछी हराएको वा पाएको | ० | ० | ० |
| च | जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको | ० | ० | ० |
| छ | नाबालक छोरा छोरी वा पति पत्निलाई ईज्जत आमद अनुसारको खान लाउन वा शिक्षा दिक्षा नदिएको | ७ | ६ | १ |
| ज | वार्षिक पच्चीसलाख रुपैयासम्मको विगो भएको घर बहाल र बहाल सुविदा | ० | ० | ० |
| झ | अन्य व्यक्तिको घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक जग्गामा पानी झारेको | ० | ० | ० |
| ञ | आफ्नो घर बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक जग्गामा पानी झारेको | ० | ० | ० |
| ट | सँधियारको जग्गातर्फ झ्याल राखि घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नुपर्ने परिणामको जग्गा नछोडी बनाएको | ० | ० | ० |
| ठ | कसैको हकवा स्वामित्वमा भएपनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो , वस्तुभाउ निकाल्ने निकास ,वस्तुभाउ चराउने चौर , कुलो , नहर , पोखरी , पाटी ,पौवा ,अन्त्यष्टि स्थल , धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुयाएको | १ | १ | ० |
| **जम्मा** | | ११ | ८ | ३ |

(२) मेलमिलाप द्वारा मात्र निरुपण गर्ने विवादहरु (न्यायिक समितिले फैसला वा निर्णय दिनपाउँदैन) :

| क्र.सं. | मुद्दाको विवरण | २०८०/०८१ को प्राप्त निवेदन सङ्ख्या | फच्यौंट | बाँकी |
|---|---|---|---|---|
| क | सरकारी , सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको | ३ | २ | १ |
| ख | सरकारी , सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको | ० | ० | ० |
| ग | पति –पत्नीबिचको सम्बन्ध विच्छेद | १ | १ | ० |
| घ | अङ्भङ् बाहेकको बढीमा एक बर्षसम्म कैद हुन सक्ने कुटपिट | १ | १ | ० |

| | | | | |
|---|---|---|---|---|
| ङ | गालि बेईज्जती | २ | १ | १ |
| च | लुटपिट | ० | ० | ० |
| छ | पशुपंक्षि छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाहि गरी अरुलाई असर पारेको | ० | ० | ० |
| ज | अरुको आवासमा अनधिकृत प्रवेश गरेको | ० | ० | ० |
| झ | अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको | ० | ० | ० |
| ञ | ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकिलाई असर पुयाएको | १ | १ | ० |
| ट | प्रचलित कानूनमा मेलमिलाप हुनसक्ने ब्यक्ति वादि भई दायर हुने अन्य देवानि र एक बर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद | २ | १ | १ |
| **जम्मा** | | १० | ७ | ३ |

# विविध

**गरिबसँग विश्वेश्वर कार्यक्रमः**



संघीय सरकारबाट हस्तातरित सर्शत अनुदान रकम २० लाख रूपैंया गरिबसँग विश्वेश्वर कार्यक्रम आ. ब .२०८०/०८१ का अन्तर्गत कार्यक्रमले विपन्न वर्गका परिवारहरुको आर्थिक स्थिर सुधार गर्ने उदेश्यले हाल गजुरी गाउँपालिका वडा नं २ र ३ मा क्रमश ४ समुह (सदस्य ३३ जना) र ३ समुह (सदस्य २८ जना) गरी कुल ७ समुह गठन गरी निरन्तर कार्यकम सञ्चालन भईरहेको छ । बीउ पाठी वितरण कार्यक्रम अन्तर्गत १८ जना सदस्यहरूलाई १/१ वटा बीउ पाठी वितरण गरियो ।

**गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमः**

- लघुउद्यम विकास अन्तर्गत वडास्तरीय अभिमुखीकरण कार्यक्रम वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई वडा नं २,७ मा सम्पन्न जसमा ३१ जनाको सहभागिता रहेको ।
- सहभागितामुलक तालिम कार्यक्रम वडा नं २,७ मा सम्पन्न जसमा ५५ जनाको सहभागिता रहेको ।
- ३५ जनाको सहभागीतामा उद्यमशीलता तालिम कार्यक्रम संचालन गरी सम्बन्धीत उद्यमीलाई शैद्धान्तिक कक्षा वडा नं २,७ दिएको ।






- सीप विकास तालिम कार्यक्रम अन्तर्गत ५ दिने (माछापालन तालिम) १२ जनाको सहभागीतामा वडा नं २, मा सम्पन्न भएको ।
- सीप विकास तालिम कार्यक्रम अन्तर्गत ३० दिने (मुडाबुन्ने तालिम) २२ जनाको सहभागीतामा वडा नं ७ ,मा सम्पन्न भएको ।





**जग्गा वर्गीकरणः**

गजुरी गाउँपालिकाले भू उपयोग ऐन, २०७६ र भू उपयोग नियमावली, २०७९ तथा भू उपयोग नियमावली, २०८० को प्रावधान अनुसार आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाहरूको वर्गीकरण सम्पन्न गरी कित्ताकाट खुल्ला गरेको छ । गाउँपालिकाले जग्गा वर्गिकरण गर्दा जग्गालाई कृषि, व्यवसायिक, सांस्कृतिक, पुरातात्विक, बनक्षेत्र, नदी नाला, औद्योगिक क्षेत्र, सार्वजनिक उपयोग र आवासीय गरी ९ भागमा वर्गिकरण गरेको छ ।



गजुरी गाउँपालिका
कार्यपालिका कार्यालय,
गजुरी, धादिङ, बागमती प्रदेश ,नेपाल ।

जग्गा वर्गीकरण
२०८०
गजुरी गाउँपालिका वडा नं. १

गजुरी गाउँपालिकाले प्रमाणित मिति
२०८०।०६।२२

गणेशलाल श्रेष्ठ
अध्यक्ष

तस्विरहरू:


















विभिन्न योजनाका अनुगमन गर्नुहुँदै गजुरी गा.पा. का अध्यक्ष तथा उपाध्यक्ष लगायत जनप्रतिनिधिहरू















अनुगमनको क्रममा गजुरी गा.पा. का अध्यक्ष तथा उपाध्यक्ष लगायत जनप्रतिनिधिहरू





शारीरिक रूपमा पूर्ण अशक्त/अपाङ्ग नागरिकहरूलाई घर-घरमै पुगि ह्वीलचियर, कमोड र छडी वितरण गरिएको तस्बिर






पूर्ण खोप वडा तथा पालिका सुनिश्चितता प्रमाणीकरण सभा । मितिः २०८० जेठ २८ गते ।






शैक्षिक सामाग्री निर्माण सम्बन्धी तालिम । आयोजकः गजुरी गाउँपालिका ७ नं वडा कार्यालय







गजुरी प्रा.स्वा.के. मा दादुरा रूबेला खोप अभियानको शुभारम्भ कार्यक्रम। मितिः २०८० फागुन १३ गते ।






निःशुल्क च्याउको बीउ वितरण कार्यक्रमका तस्बिरहरू ।





एक वडा एक पकेट कार्यक्रम अन्तर्गत मौरी घार वितरण वडा नं ३







एक वडा एक पकेट कार्यक्रम अन्तर्गत उन्नत मकैको बीउ वितरण वडा नं २ र ६ ।





मिनि टिलर वितरण तथा हस्तान्तरण कार्यक्रम । मितिः २०८१ बैशाख २५ गते ।






स्वास्थ्य कार्यक्रमहरूको पालिका स्तरीय वार्षिक समिक्षा कार्यक्रम । मितिः २०८० भाद्र १७ र १८ गते ।







संविधान दिवस २०८० को उपलक्ष्यमा चेपाङ किशोरीहरूलाई ट्र्याक/सुट/सुज वितरण कार्यक्रम

सामुदायिक वन संरक्षण र सम्वर्द्धनको लागि स्थानीय सरकार र सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम






तेस्रो राष्ट्रपति रनिङ शिल्ड २०८० मा सहभागी गजुरी पिंडा मा.वि. का विद्यार्थीहरूलाई खेलकुद पोसाक वितरण गर्नुहुँदै उपाध्यक्ष ज्यू।

मलेखु बजार क्षेत्र सरसफाई कार्यक्रम । आयोजकः गजुरी गाउँपालिका २ नं वडा कार्यालय ।







फोहोरमैला व्यवस्थापन सम्बन्धी असल अभ्यासको लागि वालिङ नगरपालिकाको सरसफाइ केन्द्रको अध्ययन तथा अवलोकन भ्रमण

माटो परीक्षण कार्यक्रम । आयोजकः गजुरी गाउँपालिका कृषि शाखा । मितिः २०८० असार ६ ।






गजुरी गाउँपालिकाको आयोजनामा तीज विशेष कार्यक्रम-२०८०






लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान







किशोर किशोरी जीवन उपयोगी ५ दिने सीप मूलक तालिम ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा लोकगीत प्रतियोगिता






ज्येष्ठ नागरिकहरूको लागि न्यानो झोला वितरण कार्यक्रम

अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजित १ दिने अन्तरक्रिया कार्यक्रम






गजुरी गाउँपालिका स्तरीय तेस्रो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता-२०८० । ६ स्वर्ण, ५ रजत, ४ कास्य गरि जम्मा १५ पदक सहित डोलभञ्ज्याङ मा.वि. प्रथम स्थान हासिल गर्न सफल ।






गजुरी गाउँपालिका वडा नं ६ द्वारा आयोजित वडा स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिता । मितिः २०८० मंसिर २४






सयपत्री खेती सम्बन्धी स्थलगत घुम्ती तालिम । मितिः २०८० असार १८ गते ।






मौरी घार वितरण कार्यक्रम । मितिः २०८० फागुन १७ गते ।







राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालज्यूको स्वागत, सम्मान तथा बधाई कार्यक्रम । मितिः २०८० चैत्र १४






सामुदायिक विद्यालयहरूलाई एकिकृत गरी आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने प्रयोजनार्थ आयोजित अन्तरक्रिया कार्यक्रम । मितिः २०८१ बैशाख ३० गते ।








गजुरी आँखा शिविरमा निःशुल्क आँखाको शल्यक्रियामा उपस्थित सेवाग्राहीहरूसँग अन्तरक्रिया गर्नुहुँदै अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू ।








विभिन्न योजनाका अनुगमनका तस्बिरहरू





बागमती प्रदेश सरकार र गजुरी गाउँपालिकाको सहकार्यमा संचालित चेपाङ समुदायको उत्थानको लागि चिउरी संरक्षण सम्बन्धी गाउँपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम । मितिः २०८१ बैशाख ३० गते ।






भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीहरूलाई निस्सा वितरण कार्यक्रम । स्थानः गजुरी वडा १ र २






बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री शालिकराम जम्कटेल ज्यूको वाहुलीबाट जुनतारा आधारभूत विद्यालयको नवनिर्मित विद्यालय भवन समुद्घाटन समारोह । मितिः २०८१ बैशाख १८ गते ।





आदर्श मा.वि. का विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्नुहुँदै गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ ज्यू ।






बाल विवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम । आयोजकः गजुरी गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा






गजुरी गाउँपालिकाको आयोजनामा लागु पदार्थ दुर्व्यसन बिरूद्धको जनचेतना मूलक नाटक "कुलत" । स्थानः डोल भञ्ज्याङ मा.वि.





गजुरी गाउँपालिकाको आयोजना र मेधावि साना किसान सहकारीको सह-आयोजकत्वमा महिलाहरूको लागि सिपमूलक "मेटल चुरा, पोते, ब्रास्लेट, टप आत्मनिर्भर" १५ दिने तालिम ।






फोहोरमैला संकलन, वर्गिकरण तथा व्यवस्थापन सहजिकरण सम्बन्धी वडा स्तरीय व्यवस्थापन समिति गठन तथा अन्तरक्रिया कार्यक्रम । मितिः २०८० पौष २२ गते ।





मलेखुको भद्रकाली वृद्धाश्रम र गुरूकुलका बटुकहरूमा महिनाको एक पटक स्वास्थ्य परीक्षण औषधी वितरण कार्यक्रममा अध्यक्ष ज्यू ।





चेपाङ समुदायको उत्थानको लागि चिउरी चमेरो संरक्षण कार्यक्रम अन्तर्गत बागमती प्रदेश सरकारले बनाएको नीति अन्तर्गत गजुरी गाउँपालिकाको प्रस्ताव छनौट भई अभिमुखीकरण कार्यक्रममा सहभागी हुँदाको तस्बिर ।



धादिङ बहुप्राविधिक शिक्षालय, गजुरीको छात्रावास अनुगमन । गजुरी गाउँपालिका भित्रका उक्त शिक्षालयमा पढ्ने विद्यार्थीहरूको लागि निःशुल्क पठनपाठनको व्यवस्था गरियको छ ।



धादिङ बहुप्राविधिक शिक्षालय, गजुरीमा सामाजिक विकास मन्त्रालय मार्फत विनियोजित बजेट अनुसारको कामहरूको अनुगमन गर्नुहुँदै माननीय सामाजिक विकास मन्त्री कुमारी मोक्तान साथै गजुरी गा.पा. का अध्यक्ष लगायत जनप्रतिनिधिहरू



प्रारम्भिक बालविकास कक्षाहरूको अनुगमनको तस्बिर ।

# गजुरी गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिन भित्र नि:शुल्क रूपमा आ-आफ्नो वडा कार्यालयमा दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
- गाउँपालिकामा तोकिएका करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं र हरियाली बढाऔं ।
- आफ्नो घर, कार्यालय, भान्सा तथा अन्य सम्बद्ध स्थलबाट उत्पादित फोहोरमैलालाई श्रोतमै कुहिन, नकुहिने तथा सिसाजन्य गरि अलगअलग रुपमा वर्गिकरण गरि फोहोरमैला व्यवस्थापनमा सहयोग गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- आफ्नो घर वरपरका लामखुट्टेले फुल पार्न सक्ने संभावित ठाउँहरूको पहिचान गरि सफा राखौं र डेंगी, मलेरिया जस्ता रोगहरूबाट सुरक्षित रहौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउनेको सूचीमा छ छैन प्रत्येक श्रावण महिनामै आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- विकास निर्माणका काममा सहभागी बनौं र खबरदारी गरौं, सभ्य नागरिकको परिचय दिऔं।


GAJURI RURAL MUNICIPALITY
GAJURI,DHADING